# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा मानवमात्रको एक अपरिहार्य एवम् मौलिक अधिकारको रुपमा आदिम कालदेखि चलिआएको प्रचलन हो । जीवन निर्वाह, सामाजिक सामञ्जस्यता, गुणस्तरिय जीवन मानिसले शिक्षा आर्जनबाट प्राप्त गर्दछ । शिक्षाले मानिसमा रहेका इच्छाशक्ति, अन्तरनिहित प्रतिभा, क्षमता तथा अस्तित्वबोधलाई प्रकटिभूत गर्न ज्ञान, सीप र अभिवृत्ति प्रदान गर्दछ । मानव इतिहासको विभिन्न कालक्रममा शिक्षालाई बुझ्ने, ग्रहण गर्ने र जीवन तथा सामाजिक संस्कृतिसँग सामञ्जस्यता स्थापना गर्न विभिन्न कोण, ढंग, ढाँचा, रुप, स्वरुप, प्रवृत्ति, प्रकृति आदिको प्रयोग, उपयोग हुदैआएको छ । यसर्थ एकताका शिक्षा सम्भ्रान्त परिवारको सोखको औपचारिक शिक्षाको रुपमा थियो । नेपालमा पनि विगतका बर्षहरूमा विद्यालयमा पढ्न आउनेहरूका लागि शिक्षा थियो । त्यसैले आजको परिवर्तित सन्दर्भमा आम नागरिकहरू शिक्षाबाट बञ्चित गरिनु हुँदैन भन्ने राष्ट्रिय प्रतिवद्धताले देखाएको छ । तर हाम्रा विद्यालयहरूले सबै नागरिकहरूलाई अटाउन सकेको अवस्था छैन । एकातर्फ विद्यालयको भौतिक अवस्था र मानवीय स्रोतको अपर्याप्तता छ भने अकोतर्फ देशको भौगोलिक विकटता र गरीव, दलित, पिछडिएको क्षेत्र, सीमान्तकृत वर्गका बालवालिकाको पहुँच विद्यालयसम्म पुग्न नसकेको जटील परिस्थिति विद्यमान रहेको छ ।

सबैका लागि शिक्षा भन्ने नाराका साथ शिक्षा आम नागरिकको पहुँचमा पुऱ्याउने राज्यको शैक्षिक नीति अनुरुप भरिसक्य विद्यालय उमेरका बालवालिकाहरूलाई विद्यालयमा पढाउने वातावरण सिर्जना गर्ने अख्तियारी गरिएको छ भने अन्यलाई अनौपचारिक शिक्षाको माध्यमबाट साक्षर बनाउने, सामान्य जीवन निर्वाहमुखी सीप प्रदान गर्दै अभिभावक शिक्षासमेत सञ्चालन गरेको अवस्था छ । यसै सन्दर्भमा विद्यालय उमेर समूहका बालवालिकाहरू जो भौगोलिक विकटताका कारण नजिकको विद्यालयसम्म पुग्न सकेका छैनन् जो घरको काममा अल्झिएका अथवा बाबु आमाले पढाउन नसक्ने भनिएका साथै बाल श्रमिकका रुपमा विभिन्न कलकारखाना र घरेलु काममा जोतिनु परेका बालवालिकाहरूको औपचारिक शिक्षाको अवसरलाई चुक्न नदिन अनौपचारिक शिक्षाको

रुपमा बैकल्पिक विद्यालय शिक्षा कार्यक्रममार्फत निश्चित अवधि र ढाँचाको शिक्षा आर्जन गरिसकेपछि औपचारिक शिक्षाको समकक्षता निर्धारणका आधारमा प्रवेश पाई शिक्षालाई निरन्तरता दिनसकिने अवसर नेपाल सरकारले आ.ब. २०५६/०५७ सालदेखि बैकल्पिक विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गर्दै आएको छ (राष्ट्रिय अनौपचारिक शिक्षा केन्द्र, निर्देशिका-२०६१) ।

राष्ट्रिय शिक्षा आयोग (२०४९) को कार्यान्वयनका क्रममा शिक्षा मन्त्रालयले २०५५ सालमा राष्ट्रिय अनौपचारिक शिक्षा परिषद् गठन गरे पश्चात् राष्ट्रिय अनौपचारिक शिक्षा केन्द्रको स्थापना भयो र सो केन्द्रमार्फत विभिन्न अनौपचारिक शिक्षाका कार्यक्रमहरू सञ्चालन गरिँदै आएको सन्दर्भमा बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमहरू पनि सञ्चालन हुन थालेको पाइन्छ जसले विद्यालय उमेर समूहका बालवालिकाहरूलाई औपचारिक शिक्षाको ढोका खुल्ला गर्न र उनीहरूको पढाइलाई पूरा गर्न अवसर सिर्जना गर्दछ । तर के साँच्चै बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमले समाहित शिक्षाले राष्ट्रिय स्तरमा पहिचान गरेका प्रमुख लक्ष्यित बर्ग बालिका, अपाङ्ग, दलित, जनजाति, सडक बालबालिका, द्वन्द्व पींडित, बेचबिखन तथा यौन शोषणबाट पींडित, गरिवीले समस्याग्रस्त, कमैया तथा बधुँवा, जेलमा रहेका, असहाय/अनाथ, रोगाग्रस्त, गुम्बा मदरसामा पढिरहेका तथा भाषिक अल्पसंख्यक श्रमिक जस्ता जो जोखिममा परेका कोटीमा राखिन्छन् ती बालवालिकाहरूलाई विद्यालयमा पुन:प्रवेश तथा नवप्रवेश दिलाउन सकेको छ त ? भन्ने सवाल हाम्रो सामुमा टडकारो रुपमा विद्यमान रहेकोले आधारभूत शिक्षामा (विद्यालय क्षेत्र सुधार कार्यक्रम, मुख्य दस्तावेज २०६४ का अनुसार कक्षा १ देखि ८ सम्मलाई उल्लेख गरिएको छ) बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता अध्ययनको विषय बनाउन बाञ्छनिय भएको देखिएको छ (शिक्षा विभाग, समाहित शिक्षा, स्रोत पुस्तिका -२०६४) ।

अझै पनि १३ प्रतिशत बालवालिकाहरू विद्यालय बाहिर रहेका छन् र सरकारको शिक्षामा सबैको पहुँचका लागि जारी गरिएका कार्यक्रमहरूका बावजुद पनि उनीहरूलाई शिक्षाको छहारीले समेट्न नसकेको विद्यमान अवस्थामा बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको आधारभूत शिक्षामा पहुँच र गुणस्तरमा के कस्तो हालत रहेको छ त ? सो कार्यक्रमका के कस्ता समस्याहरु रहेका छन् ? के बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमले औपचारिक

शिक्षाको अवसर नपाएका बालवालिकाहरुको शैक्षिक पहुँच सुनिश्चित गर्न सकेको छ ? भनी जाँच्न, परख्न अध्ययनको विषय बनाइएको छ (शिक्षा मन्त्रालय, विद्यालय क्षेत्र सुधार योजना -२०६६) ।

## १.२ समस्याको कथन

प्राथमिक शिक्षामा पहुँच र समानताको सुनिश्चितता सबैका लागि शिक्षा कार्यक्रम (२००४-००९) को एक प्रमुख उद्देश्य हो साथै विद्यालय क्षेत्र सुधार कार्यक्रमको पनि । राष्ट्रिय अनौपचारिक शिक्षा केन्द्रमार्फत बैकल्पिक विद्यालय शिक्षा कार्यक्रम पचहत्तर जिल्लाका जिल्ला शिक्षा कार्यालयमार्फत सञ्चालन गरिंदै आइएको छ । यो कार्यक्रमको जिल्ला शिक्षा कार्यालयले नियमित रुपम निरीक्षण, अनुगमन गर्दै आएको छ साथै माथिल्लो निकायबाट पनि निरीक्षण, अनुगमन गर्दै आएको भए तापनि निरीक्षण अनुगमनको प्रतिवेदन अभिलेख व्यवस्थापनका रुपमा मात्र सीमित रहेको जनगुनासो भएको र अनौपचारिक शिक्षाका क्षेत्रमा शिक्षा विभागद्वारा गरिएको अनौपचारिक शिक्षाको प्रभावकारितासम्बन्धी गरिएको अध्ययन, (अध्ययन प्रतिवेदन २०५९-२०६१) बैकल्पिक विद्यालय शिक्षा कार्यक्रम धादिङ्ग र काठमाडौंका कार्यमूलक अनुसन्धान (क्याप्स न्यूजलेटर ११ र १२ अङ्क २०६४) गरिएको भए तापनि बैकल्पिक विद्यालय शिक्षा कार्यक्रम उपर परिवर्तित सन्दर्भमा थप अनुसन्धान गर्नुपर्ने देखिएको छ ।

औपचारिक शिक्षाबाट बञ्चित बालवालिकाहरूका लागि कम्तिमा आधारभूत तहको शिक्षा औपचारिक माध्यमबाट पूरा गर्न वा शिक्षाको माथिल्लो तहको अवसरलाई खुला गर्न बैकल्पिक विद्यालय शिक्षा कार्यक्रम राज्यको तर्फबाट प्रदान गरिएको एउटा सुनौलो अवसर हो । बर्सेनी यस कार्यक्रमका लागि ठूलो धनरासी खर्च गरिंदै आएको परिप्रेक्षमा कार्यान्वयनको तहमा कस्तो स्थिति छ भनी अध्ययन अनुसन्धान गरेको तथ्य फेला नपरेकोले आधारभूत शिक्षामा बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता के कस्तो रहेछ भनी खोजी गर्ने उत्सुकता अभिबृद्धि भएको हो । लक्ष्यित समूह केन्द्रित भई कार्यक्रम नचलेको, चलेका कार्यक्रमहरू पनि प्रभावकारी नभएको राम्ररी अनुगमन हुन नसकेको र उपलब्धि स्तर नगन्य भएको भन्ने टीकाटीप्पणी हुँदै आएकोले आधारभूत शिक्षामा बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता शीर्षकमा शोध कार्य गर्न लागिएको हो ।

## १.३ अध्ययनको औचित्य

अध्यावधिक स्थिति प्रतिवेदन (०০६-००७) का अनुसार १३ प्रतिशत प्राथमिक विद्यालय उमेरका बालवालिकाहरू अझै विद्यालय शिक्षाबाट बाहिर छन् । विद्यालयमा भर्ना भएका बालवालिकाहरू पनि अभिभावकको न्यून आर्थिक अवस्था, चेतनास्तरको कमी, घरेलु काममा आफ्ना बालवालिकाहरूलाई लगाउनु पर्ने वाध्यताका कारण वीचैमा विद्यालय छाड्ने गर्छन् । अर्कोतर्फ हाम्रो देशको विकट भौगोलिक अवस्थाले गर्दा गाउँका दुर्गम बस्तीहरू जो थोरै बालवालिकाहरू विद्यालय उमेरका हुने र जहाँ विद्यालय खोल्न नसक्ने अवस्था एकातर्फ हुन्छ भने अर्कोतर्फ नजीकको विद्यालय जान ती कलिला बालवालिकाहरूलाई खोलो, पहिरो, भीरपहरा आदिले छेकेको अथवा बाधा सिर्जना गरेको हुन्छ । त्यस्ता बालवालिकाहरूलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित गर्न बैकल्पिक विद्यालय शिक्षा एक महत्वपूर्ण कार्यक्रम हो । शहर, बजार अथवा कलकारखाना नजीकका मजदुरहरूका बालवालिकाहरू जो विद्यालय लाग्ने समयमा विद्यालय गई नियमित पढ्न पाउँदैनन् बरु आफै केही गरेर पेट पाल्ने बाध्यतामा जकडिएका हुन्छन् त्यस्ता बालवालिकाहरूलाई बैकल्पिक विद्यालय शिक्षा कार्यक्रममार्फत शिक्षाको मूल प्रवाहमा ल्याउने लक्ष्य राखी कार्यक्रम सञ्चालन हुँदै आएको छ । लक्ष्यित समूहका हिसावले अत्यन्त नाजुक अवस्थाका बालवालिकाहरूलाई विद्यालयस्तरको शिक्षामा उत्प्रेरणा जागृत गर्दै उनीहरूका बाधा, वाध्यता र विवसताहरूलाईसमेत समेटेर ल्याइएको यो कार्यक्रमको प्रभावकारिता अध्ययन सबैका लागि शिक्षाको मूलमर्मलाई कतिको आत्मसात गर्नसकेको छ त ? भनी अध्ययन, अनुसन्धान गर्नुपर्ने देखिएको छ ।

यस अध्ययनले  बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको कार्यान्वयन पक्षको यथार्थ चित्रणले यस कार्यक्रमको मूल मर्म बोध गर्न र सुसूचित हुन सम्बन्धित विद्यार्थी, सहयोगी कार्यकर्ता, कक्षा व्यवस्थापन समिति तथा अभिभावकहरूलाई सहयोग प्रदान गर्नेछ । त्यस्तै बैकल्पिक विद्यालय शिक्षा कार्यक्रम कार्यान्वयनसम्बन्धी कमी कमजोरीहरू हटाउन सम्बन्धित निरीक्षण क्षेत्रका खासगरी विद्यालय निरीक्षक, स्रोतव्यक्ति एवम् अन्य सरोकारवाला व्यक्तिहरूलाई अनुगमन, निरीक्षण गर्ने आधार प्रदान गर्नेछ । यसका साथै यस कार्यक्रमसँग सम्बन्धित सवल एवम् कमजोर पक्षहरूको पहिचान गरी बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमसम्बन्धी थप संशोधित, परिमार्जित र प्रभावकारी नीति निर्माण गर्न, बालवालिकाहरूको शैक्षिक पहुँच,

निरन्तरता र प्राप्तिमा सहयोग पुऱ्याउन, शिक्षा योजनाकार, नीति निर्माता एवम् सम्बन्धित सरोकारवालाहरूलाई महत्वपूर्ण आधार तथा सूचनाहरू प्रदान गर्ने एवम् विद्यालय शिक्षाबाट अलग्गिएका र विद्यालय टेक्ननै नपाएका विद्यालय उमेर समूहका बालवालिकाहरूको भर्ना, टिकाउ र निरन्तरतासम्बन्धी प्रवृत्तिको .अध्ययन गरी सो अनुरुपको जिल्लास्तरीय योजना निर्माण र कार्यक्रमको तय तथा कार्यान्वयनमा जिल्ला शिक्षा कार्यालय र सम्बद्ध पक्षहरूलाई आधार प्रदान गर्ने कार्यमा यस अध्ययनले टेवा पुऱ्याउने भएकोले अध्ययनको औचित्यतालाई भरपुर पुष्टि गरेको छ।

## १.४ अध्ययनका उद्देश्यहरू

यस अध्ययनका उद्देश्यहरू निम्नअनुसारका रहेका छन्:-

(क) आधारभूत शिक्षामा बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको योगदानको विश्लेषण गर्नु।

(ख) बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको उपलब्धि विश्लेषण गर्नु।

(ग) बैकल्पिक विद्यालयबाट आधारभूत शिक्षामा संक्रमण गर्दाका समस्याहरुको पहिचान गर्नु

(घ) बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरुको खोजी गर्नु।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अध्ययनमा माथि उल्लेखित उद्देश्यहरूलाई छर्लङ्गचाउन निम्न अनुसारका अनुसन्धानात्मक प्रश्नहरू राखिएको छ :–

(क) आधारभूत शिक्षामा बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको योगदान कस्तो छ ?

(ख) लक्ष्यित समूहका बालबालिकाहरूको आधारभूत शिक्षामा प्रवेश, पुनःप्रवेशका लागि बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको के प्रभाव रहेको छ ?

(ग) बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमका सिकारुहरूको नियमितता कक्षोन्नति दर र सिकाइ उपलब्धिको स्थिति कस्तो छ ?

(घ) बैकल्पिक विद्यालय शिक्षा कार्यक्रम सञ्चालनसम्बन्धी समस्याहरू के के रहेका छन् ?

(ङ) बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमलाई प्रभावकारी तुल्याउन के कस्ता उपायहरू अवलम्बन गर्न सकिन्छ ?

## १.६ अध्ययनका परिसीमाहरू

भौगोलिक एवम् आर्थिक अवस्था मानविय संसाधन तथा समयको उपलब्धतासमेतलाई ख्याल गरी यस अध्ययनलाई जिल्ला शिक्षा कार्यालय धनकुटाद्वारा सञ्चालित बैकल्पिक विद्यालय शिक्षा कार्यक्रम अन्तर्गतका अनौपचारिक प्राथामिक शिक्षा कार्यक्रम तथा प्राथमिक शिक्षा विस्तार कार्यक्रमहरूमा सीमित गरिएको छ। उक्त कार्यक्रमहरूमा भर्ना भएका सिकारुहरूको प्रभावकारिता अध्ययनका सन्दर्भमा भर्ना स्थिति, नियमितता, सिकाइ स्तर, मूल्याङ्कन प्रक्रिया, कक्षोन्नति तथा कक्षा छोड्ने स्थितिको अभिलेख व्यवस्थापन, मातृ विद्यालय र समुदायको सहयोगको अवस्थालाई  आधार बनाइएको छ। यसका साथै अनौपचारिक प्राथामिक शिक्षा कार्यक्रमबाट कक्षा छ मा भर्नाको स्थितिसमेत पत्तालगाई प्रभावकारिताको आँकलन गरिएको छ। अध्ययनका क्रममा प्राथमिक र द्वितीय तथ्याङ्कहरूबाट प्राप्त यावत् सूचनाहरूलाई आधार बनाई विश्लेषण गरिएको छ। यस अध्ययनबाट प्राप्त हुने निष्कर्षलाई अन्य क्षेत्रमा सामान्यीकरण गर्न सकिने छैन भनी अध्ययनका परिसीमाहरू सीमाबद्ध गरिएको छ।

## १.७ शब्दावलीको परिभाषा

| | | |
|---|---|---|
| कक्षाकेन्द/केन्द्र | : | बैकल्पिक विद्यालय सञ्चालन हुने ठाउँ। |
| कक्षाकेन्द्र व्य.समिति | : | बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमलाई रेखदेख, सहयोग र व्यवस्थापन गर्न गठीत सात सदस्य भएको संगठन। |
| तह | : | वैकल्पिक विद्यालयमा हुने कक्षाहरु जसमा पहिलो, दोस्रो र तेस्रो तह हुन्छ। |
| निरुपण | : | राखिने काम, समीक्षा गरिने काम। |
| वैकल्पिक विद्यालय | : | औपचारिक शिक्षाको अवसरबाट वञ्चित विद्यालय उमेरका बालवालिकाहरुलाई अनौपचारिक पद्धतिबाट दिइने शिक्षाको केन्द्र। |
| मातृ विद्यालय | : | वैकल्पिक विद्यालयलाई वैधानिक रुपमा सहयोग गर्न तोकिएको कक्षाकेन्द्र नजिकको सुविधायुक्त विद्यालय। |

लक्ष्यित वर्ग : लामो दूरीको जङ्गल, पहिरो भीरपाखा, र नदी/खोला तरेर जानुपर्ने र कामगरी खानुपर्ने बाध्यतामा हुर्केका सामाजिक, आर्थिक तथा अन्य विविध कारणले पिछडिएका बर्ग, दलित तथा जनजाति र एक पटक विद्यालय भर्ना भएर पनि खासगरि कक्षा १-२ पूरा नगर्दै कक्षा छोडेका बालबालिकाहरू तथा श्रम गरेर जीविका चलाउने, परिवारका सदस्यहरूलाई श्रममा सघाउनु पर्ने, घरायसी जिम्मेवारी बहन गर्नुपर्ने, एक पटक विद्यालय भर्ना भई कक्षा ५ सम्मको अध्ययन पूरा नगरी कक्षा छाडेका वा विद्यालय बाहिर रहेका बालबालिकाहरू यस कार्यक्रमका लक्ष्यित वर्ग हुन् ।

सहभागी : वैकल्पिक विद्यालयमा पढ्न आउने सिकारु ।

सहयोगी कार्यकर्ता : वैकल्पिक विद्यालयका कक्षाकेन्द्रमा थोरै पारिश्रमिक लिई, अल्पकालिन तालिम लिएका तीनबर्षका लागि नियुक्त पढाउने व्यक्ति ।

सरोकारवाला : वैकल्पिक विद्यालयसँग प्रत्यक्ष, अप्रत्यक्षरुपमा सम्बन्ध राख्ने तथा संलग्न हुने समूह (सहभागी, स.का. अभिभावक, क.व्य.समिति, मा.वि.प्र.अ. र शिक्षक, स्रोतव्यक्ति, वि.नि. लगायतका अन्य व्यक्तिहरु) ।

सीमान्तकृत वर्ग : शैक्षिक, आर्थिक, समाजिक र राजनीतिक रुपमा पछि परेका माझी, दनुवार आदि जातका राज्यले तोकेको समूह ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको सैद्धान्तिक खाका

कुनै पनि अध्ययन अनुसन्धान गर्नुभन्दा पहिले सो अध्ययनको विषयमा अध्ययनको स्थिति के कस्तो छ भनी आँकलन गर्न तथा अध्ययनलाई प्रभावकारी रुपमा अघि बढाउन सम्बन्धित विषयमा भएगरेका अध्ययन, अनुसन्धानहरूको सैद्धान्तिक खाकाहरू तथा साहित्यको अध्ययन पुनरावलोकन गर्ने कार्य उपयुक्त हुने भएकोले सम्बन्धित विषयसँग मेलखाने सैद्धान्तिक अवधारणा र साहित्यको विषय सन्दर्भसँग जोडेर पुनरावलोकन गर्ने तथा त्यसको शैक्षिक उपादेयता बारे यस परिच्छेदमा चर्चा गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

सम्बन्धित साहित्यको पुनरावलोकनमा सबैका लागि शिक्षा र विद्यालय क्षेत्र सुधार योजना जस्ता शिक्षाका मूल दस्तावेजहरुमा बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमसँग सम्बन्धित व्यवस्था र अनौपचारिक शिक्षाको पक्ष भएकाले शिक्षा विभागद्वारा गरिएको अनौपचारिक शिक्षाका कार्यक्रमहरुको प्रभावकारितासम्बन्धी अनुसन्धानलाई यस अध्ययनको आधार बनाएर बिश्लेषण  गरिएको छ ।

राष्ट्रियस्तरमा पहिचान गरिएका प्रमुख लक्ष्यित समूह भनी नेपालमा चौध प्रकारका सुविधाविहीन बर्गका बालबालिकाहरू पहिचान गरिएको छ । बालिका, अपाङ्ग, दलित, जनजाति, सडक बालबालिका, द्वन्द्व पींडित, बेचविखन तथा यौन शोषणबाट पींडित, गरीवीले समस्याग्रस्त, कमैया तथा बँधुवा मजदूर, जेलमा रहेका, असहाय/अनाथ, रोगाग्रस्त, गुम्बा, मदरसामा पढिरहेका तथा भाषिक अल्पसंख्यक र श्रमिक बालबालिकाहरूलाई यस अन्तर्गत राखिएको छ (शिक्षा विभाग, समाहित शिक्षा स्रोत सामग्री, २०६५) ।

यिनै लक्ष्यित बर्गका बालबालिकाहरूको आधार कम्तिमा आधारभूत तहको शिक्षाको अवसरलाई सुनिश्चित गर्ने एउटा आधार भनेको बैकल्पिक विद्यालय शिक्षा कार्यक्रम हो ।

सबै बालबालिकाहरूलाई समानरुपले शिक्षाको अवसर र पहुँच पुऱ्याउने उद्देश्यले बैकल्पिक विद्यालय शिक्षा कार्यक्रम अन्तर्गत प्राथमिक शिक्षा विस्तार कार्यक्रम र अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम आर्थिक बर्ष २०५६/०५७ देखि सञ्चालन हुँदैआएको छ (अनौपचारिक शिक्षा केन्द्र, निर्देशिका -२०६१)।

सामान्यत घर रहेको ठाउँभन्दा टाढा विद्यालय भई सरदर आधा घण्टा भन्दा बढी समयसम्म पैदल हिडेर विद्यालय पुग्नुपर्ने परिस्थिति रहेको स्थानमा ६-८ बर्ष उमेर समूहका बालबालिकाहरूलाई कक्षा १-३ सम्मको आधारभूत शिक्षा तीन बर्षसम्म सहभागीकै अनुकूल समयमा उपलब्ध गराउने उद्देश्यले प्राथमिक शिक्षा विस्तार कार्यक्रम अनौपचारिक शिक्षा केन्द्रले सञ्चालन गर्दै आएको छ। लामो दूरीको जङ्गल, पहिरो भीरपाखा, र नदी/खोला तरेर जानुपर्ने र कामगरी खानुपर्ने बाध्यतामा हुर्केका सामाजिक आर्थिक तथा अन्य विविध कारणले पिछडिएका बर्ग, दलित तथा जनजाति र एक पटक विद्यालय भर्ना भएर पनि खासगरि कक्षा १-२ पूरा नगर्दै कक्षा छोडेका बालबालिकाहरू बास्तवमा यस कार्यक्रमका लक्ष्यित समूह हुन्। विद्यालयको कक्षा १-३ सम्मका पाठ्यपुस्तकहरू निःशुल्क रुपमा उक्त बालबालिकाहरूलाई उपलब्ध गराई तोकिएको कक्षाकेन्द्रमा सहयोगी कार्यकर्ताद्वारा दैनिक चार घण्टा शिक्षण गरिने व्यवस्था मिलाइएको कार्यक्रमलाई प्राथमिक शिक्षा विस्तार कार्यक्रम भनिन्छ।

आर्थिक, सामाजिक, विविध कारणले उपयुक्त उमेरमा विद्यालय भर्ना हुन नसकेका र विद्यालय नगएका सामान्यतः शहरी, अर्धशहरी र औद्योगिक क्षेत्रका ८-१४ बर्ष उमेर समूहका बालबालिकाहरूलाई कक्षा पाँचसम्मको प्राथमिक शिक्षा ३ बर्षमा सहभागीको अनुकूल समयमा उपलब्ध गराउने उद्देश्यले अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम पनि अनौपचारिक शिक्षा केन्द्रले सञ्चालन गर्दै आएको छ। श्रम गरेर जीविका चलाउने, परिवारका सदस्यहरूलाई श्रममा सघाउनु पर्ने, घरायसी जिम्मेवारी बहन गर्नुपर्ने, विविध कारणले पिछडिएको बर्ग, दलित तथा जनजाति र एक पटक विद्यालय भर्ना भई कक्षा ५ सम्मको अध्ययन पूरा नगरी कक्षा छाडेका वा विद्यालय बाहिर रहेका बालबालिकाहरू यस कार्यक्रमका लक्ष्यित समूह हुन्। प्राथमिक तहको पाठ्यक्रमका कक्षा १-५ सम्मका सिकाइ उपलब्धिलाई ३ बर्षमा समायोजन गरी तयार पारिएको पाठ्यक्रम र सो अनुसार

अनौपचारिक शिक्षा केन्द्रबाट विकास गरिएका पाठ्यसामग्रीहरू निःशुल्करुपमा उक्त बालबालिकाहरूलाई उपलब्ध गराई तोकिएको कक्षाकेन्द्रमा शिक्षण कार्यका लागि नियुक्त सहयोगी कार्यकर्ताद्वारा दिनको ४ घण्टाका दरले शिक्षण गर्ने व्यवस्था मिलाइएको हुन्छ (अनौपचारिक शिक्षा केन्द्र, तालिम पुस्तिका -२०६३) ।

सबैका लागि शिक्षा मूल दस्तावेजका अनुसार शिक्षाका प्रमूख उद्देश्यमा प्राथमिक शिक्षामा पहुँच तथा समन्यायिकता सुनिश्चित गर्ने भनिएको छ । त्यस्तै सबैका लागि शिक्षा विषयक डकार कार्य ढाँचामा निर्धारण भएका ६ ओटा उद्देश्यहरूमा सबै बालबालिकाहरूका लागि प्राथमिक शिक्षामा पहुँचको सुनिश्चितता, पिछडिएका जनजाति तथा अल्पसंख्यक भाषिक समुदायका बालबालिकाहरू लगायत सबै बालबालिकाहरूलाई सिकाइ आवश्यकता परिपूर्ति गर्ने, प्रौढ निरक्षरता दरमा कमी ल्याउने भनी उल्लेख गरिएको छ । त्यसैगरि निरक्षरता र गरीवीबीचको सम्बन्धलाई दृष्टिगत गरी गरीवीको मारमा परेका क्षेत्रका आवश्यकतामा आधारित साक्षरता कक्षाका साथै अनौपचारिक शिक्षा कार्यक्रम पनि सञ्चालन गरिनेछन् भनी उल्लेख गरिएको छ ।

मूल प्रवाहीकरण तथा सहभागिताः सबैका लागि शिक्षा २००४-००९ को दोहोरो उद्देश्य हाल विद्यालय जाने उमेरका विद्यालय नजाने बालबालिकाहरूका भर्ना र तह पूरा गर्नका लागि पहिले भर्ना भइसकेकाहरूलाई थमौती गर्नसँग सम्बन्धित छ । यसको अर्थ हाल विद्यालयका शिक्षा प्रणाली अन्तर्गत नभएकाहरूका लागि विद्यालय शिक्षामा उनीहरूको सहभागिता बृद्धि गर्न र सिकाइ वातावरणको सुधारका लागि उनीहरूलाई अभिप्रेरित तथा सहयोग गर्ने एउटा अन्तर्निर्मित संयन्त्र कार्यक्रमको अभिन्न अंगकारुपमा हुनुपर्छ भन्ने हो । भर्ना नहुनेहरूमा अधिकांश बालिका, दलित तथा अन्य सुविधाविमुख बालबालिकाहरू नै हुने भएकोले तिनीहरूलाई विद्यालयमा पठाउने खालको रणनीतिले प्राथमिकता पाउन जरुरी छ भनी उल्लेख गरिएको पाइन्छ । विविध ग्राहक (लक्ष्यित) समूहहरूको आवश्यकता अनुकूल हुने भन्ने शीर्षकमा आ-आफ्नो भाषा, संस्कृति मूल्य र मान्यता अबलम्बन गर्दै सँगसँगै मिलेर बस्ने विविध साँस्कृतिक समूहहरूको समिश्रण नेपालको जनसंख्याको विशेषता हो । यसै सम्मिश्रणले राष्ट्रको समृद्ध साँस्कृतिक सम्पदा निर्माणमा निरन्तर योगदान पुऱ्याइरहेको छ । त्यसैले नेपालको शिक्षा व्यवस्था जनजाति, आदिबासी सुविधाविमुख तथा उपेक्षित आदि

सबै समूहसँग सान्दर्भिक भै देशका विविध ग्राहक बर्गहरूको आवश्यकता र चाहनालाई समेट्ने खालको हुनुपर्छ भनी उल्लेख गरिएको छ । शिक्षाका बर्तमान नीतिहरू शीर्षक अन्तर्गत अनौपचारिक शिक्षा केन्द्रबाट नीतिहरूको तर्जुमा, अनुगमन तथा मूल्याङ्कन साथै प्राविधिक सहयोग प्राप्तगर्न साक्षरता कार्यक्रहरूको कार्यान्वयनको जिम्मेवारी गैर सरकारी संघसंस्था र स्थानीय निकाय, दलहरूलाई सुम्पिने छ भनिएको छ ।

शिक्षा सबै बालबालिकाहरूको पहुँचको सुनिश्चितता शीर्षकभित्र शिक्षाको पहुँच सम्बन्धमा सबैका लागि शिक्षा २०१५ का लागि डकार कार्य योजनाको खाकामा यस्तो उल्लेख भएको छ । सन् २०१५ सालमा सबै बालबालिकाहरू विशेषगरी बालिका, कठीन परिस्थितिमा गुजारा गरिरहेका र अल्पसंख्यक जनजाति समूहका बालबालिकाहरूका लागि गुणस्तरीय निःशुल्क प्राथमिक शिक्षामा पहुँच हुनका साथै सो पूरागर्ने अवसर प्राप्त हुनेछ भनी उल्लेख गरिएको छ । सिद्धान्त तथा रणनीतिहरू शीर्षक अन्तर्गत सुविधाविमुख किनारा लागेका बालबालिकाहरूका आवश्यकतालाई समेट्नका लागि बैकल्पिक तथा लचिलो शिक्षामा जोड दिइनेछ ।

अनौपचारिक शिक्षाको अझ व्यापक अर्थ र क्षेत्रबारे वकालत गर्ने एउटा नीति हाल निर्माण प्रक्रियामा  छ । यसै व्यापक दायरालाई समेट्न गा.वि.स. ⁄ न.पा.का गैर सरकारी संघसंस्था समुदायमा आधारित संघसंस्था र सामुदायिक सिकाइ केन्द्रहरूलाई औपचारिक शिक्षाका लागि पुरक वा बैकल्पिक माध्यमका रुपमा परिचालन गरिने एउटा विकेन्द्रीत कार्यान्वयन उपागम लागू गरिने छ । विकेन्द्रीकरणको सिद्धान्त अनुसार हालको कोटामा आधारित औपचारिक शिक्षा एकीकृत तथा आवश्यकतामा आधारित  औपचारिक शिक्षातर्फ उन्मूख हुनेछ ।  मागमा निर्भर हुने अनौपचारिक शिक्षाका लागि आवश्यक खर्च समुदायको अधिकतम सहभागितामा तयार पारिएको गाउँ शिक्षा योजनाका आधारमा छुट्याइनेछ । तर गाउँ शिक्षा योजना उपलब्ध नहुने ठाउँमा यो रकम समुदायका आवश्यकताको आधारमा मूख्यत गा.वि.स. मार्फत छुट्याइनेछ ।

साक्षरताको स्थिति सुधार्नमा प्राथमिक शिक्षाको ठूलो  योगदान रहन्छ । यसैले स्थितिमा सुधार ल्याउनका लागि साक्षरता अनौपचारिक शिक्षा र प्रांथमिक शिक्षा कार्यक्रमहरूलाई

एकअर्काको परिपूरक बनाइनेछ। अनौपचारिक शिक्षाका कार्यक्रमहरू मध्य तथा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका हिमाली, पहाडी तथा मध्य तराईका साक्षरता दर ज्यादै न्यून भएका स्थानहरूमा केन्द्रीत हुनेछन्। यी कार्यक्रमहरू विशेषतः महिला तथा बालिका, अपाङ्ग बालबालिका र सुविधाविमुख समूह र गरीवीको मारमा परेका क्षेत्रहरूका लागि लक्ष्यित हुनेछन् भनी उल्लेख गरेको पाइन्छ।

मार्ग निर्देशक सिद्धान्त शीर्षक अन्तर्गत गरीव तथा सुविधाविमुख बालबालिकाहरूका लागि आधारभूत तथा प्राथमिक शिक्षा पहुँच योग्य बनाउने उद्देश्यले उनीहरू प्रति लक्ष्यित हुनेखालका बिशेष कार्यक्रमहरूको निर्माण र कार्यान्वयन हुनेछ। यस्ता कार्यक्रहरू गरीव तथा सुविधाविमुख विपन्न समूहहरू बसोबास गरेका क्षेत्रहरू प्रति लक्ष्यित हुनेछन्। कामदार बालबालिकाका कुनाकाप्चा र अलग्गिएका क्षेत्रका बालबालिकाहरू औपचारिक शिक्षाका लागि र अन्य नियमित विद्यालय हाजिर हुन नसक्ने बालबालिकाहरूका लागि बैकल्पिक तथा लचिलो खालका विद्यालयहरूको व्यवस्था गरिनेछ भनी उल्लेख गरिएको छ (सबैका लागि शिक्षा २००४-२००९ मुख्य दस्तावेज, २००३)।

विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२ ) का अनुसार निम्न बमोजिम बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमका बारेमा उल्लेख गरेको पाइन्छ।

विविध जन आवश्यकता र चाहनाहरूको सम्बोधन गर्नका लागि वैकल्पिक माध्यमबाट शिक्षा प्रदान गर्ने कामलाई अझ व्यापक बनाइनेछ। वैकल्पिक शिक्षा कार्यक्रमभित्र खुला, घुम्ति पद्धतिसहितको लचिलो विद्यालय शिक्षा र अनौपचारिक शिक्षा पर्दछन्। हाल कार्यान्वयनमा रहेको अनौपचारिक शिक्षा कार्यक्रमले विद्यालय शिक्षा छाडिसकेकाहरूका लागि लक्ष्यित गरेर विद्यालय विस्तार, लचिलो विद्यालय शिक्षा र ब्रिजिङकोर्स पनि समावेश गर्नेछ। वैकल्पिक शिक्षा कार्यक्रम कार्यान्वयनको जिम्मेवारी गाउँ विकास समिति र नगरपालिका जस्ता स्थानीय निकाय/सरकारको हुनेछ। यस कार्यक्रमका लागि उनीहरूले कार्यान्वयन निर्देशिका र अनुगमन तथा सुपरिवेक्षणका ढाँचाको विकास गर्नेछन्। वैकल्पिक शिक्षा कार्यक्रमको गुणस्तर सुनिश्चितताका लागि जिल्ला शिक्षा कार्यालयले अनुगमन र सुपरिवेक्षणका लागि आवश्यक प्राविधिक स्रोत र आर्थिक सहयोग उपलब्ध गराउनेछ।

जिल्ला शिक्षा कार्यालयले स्थानीय निकाय (सरकार) सँगको परामर्शमा वैकल्पिक शिक्षा कार्यक्रमका लागि केन्द्रको सङ्ख्या र कार्यक्रमको किसिम निर्धारण गर्नेछ। यी कार्यक्रमहरू विद्यालय, गैरसरकारी संस्था र समुदायमा आधारित संस्थाहरूले पनि सञ्चालन गर्नसक्ने छन्। अनौपचारिक शिक्षा केन्द्रले वैकल्पिक शिक्षा कार्यक्रम कार्यान्वयनको ढाँचा उपलब्ध गराउनेछ। जसका आधारमा जिल्लास्तरमा जि.शि.का. र स्थानीय निकाय (सरकार) लाई शिक्षाविद्को परामर्शमा आफ्नै वैकल्पिक शिक्षा कार्यक्रम विकास गर्न प्रोत्साहन गरिनेछ। स्थानीयस्तरमा विकास गरिएका यस्ता कार्यक्रमहरू प्रमाणीकरण र स्तराङ्कनका लागि अनौपचारिक शिक्षा केन्द्रबाट स्वीकृत गराउनुपर्नेछ। विभिन्न पद्धतिबाट प्राप्त गरेको शिक्षाको समकक्षता हुनु आवश्यक छ।

जुनसुकै पद्धतिबाट शिक्षा लिएको व्यक्तिलाई अर्को पद्धतिको तोकिएको कक्षा र तहमा जाने अनुमति/स्वीकृत हुनु आवश्यक छ। अहिले अनौपचारिक शिक्षा केन्द्रमा प्राप्त नौ महिने प्याकेज कक्षा ३ सँग समकक्ष छ भने ३ वर्षे सघनकोर्स कक्षा ५ को समकक्षताको मान्यतामा छ। अनौपचारिक शिक्षा केन्द्रले हाल कार्यान्वयनमा रहेका प्याकेजलाई प्रस्ताव गरिएको शिक्षाको संरचना र आधारभूत शिक्षाको भावनासँग मिल्ने गरी परिमार्जन गर्न सक्नेछ। यसो गर्दा अनौपचारिक शिक्षा स्थानीयस्तरका सान्दर्भिक विषयवस्तु समावेश भएको र स्थानीय तरिकाबाटै सहज शिक्षणसिकाइ गर्न सकिने किसिमको बन्नेछ। नौ महिने प्याकेज पूरा गरेका व्यक्तिहरूले प्रारम्भिक तहको शिक्षाको प्रमाणपत्र प्राप्त गर्न सक्नेछन् जो औपचारिक शिक्षाको ४ कक्षामा भर्ना हुन योग्य मानिनेछन्। यस्तै गरेर ३ वर्षको सघन कोर्स पूरा गर्ने व्यक्तिहरूले प्राथमिक तहको शिक्षाको प्रमाणपत्र प्राप्त गरेर उच्च प्राथमिक विद्यालयका कक्षा ६ मा भर्ना हुन योग्य हुनेछन्।

वैकल्पिक पद्धतिको शिक्षाबाट शिक्षा प्राप्त गरेकाहरू औपचारिक शिक्षाको कुनै पनि कक्षामा भर्ना हुने सन्दर्भमा नमूना विकास जिल्लाबाट तल लेखिएका कुराहरू ग्रहण गर्न सकिन्छ। वैकल्पिक शिक्षा घरमै प्राप्त गरेकाहरू मध्ये उमेर र ज्ञानका आधारमा औपचारिक शिक्षाका उपयुक्त कक्षाहरूमा भर्ना हुन चाहनेहरूका लागि योग्यता परीक्षा सञ्चालन गर्न एउटा स्तरीकृत ढाँचा विकास गरिनेछ। यस्ता परीक्षामा राम्रो नतिजा ल्याएकाहरूलाई विद्यालयले उपयुक्त कक्षाहरूमा भर्ना गर्नुपर्नेछ। जिल्लामा जनसाधारणका विविध चाहनाहरू सम्बोधन

गर्नका लागि विद्यालयहरूले जिल्ला शिक्षा कार्यालय, समुदायमा आधारित संघ संस्थाहरू, गैर सरकारी संस्थाहरू र स्थानीय शिक्षाविद्हरूसँगको सहकार्यमा सघन प्याकेज विकास गर्नसक्नेछ। यस्ता प्याकेजहरू औपचारिक शिक्षाको निश्चित कक्षा र तहको शिक्षासँग समकक्षता हुनेगरी स्तराङ्कन हुनेछन्। यस्ता प्याकेजहरूको विकास शिक्षाको मूल धारबाट बाहिर रहेका जनसङ्ख्यालाई कम्तीमा आधारभूत शिक्षा उपलब्ध गराएर शिक्षाको मूल धारमा ल्याउने सिद्धान्तबाट निर्देशित हुनुपर्दछ।

(बिद्यालय क्षेत्र सुधार योजना,२०६६-२०७२, २०६६ साल, भदौ)।

शिक्षा विभाग (आ.ब. २०५९-०६० र २०६०-०६१) को अध्ययन प्रतिवेदनका अनुसार अनौपचारिक शिक्षा कार्यक्रमको प्रभावकारिता अध्ययनले अनुगमन, निरीक्षण, प्रचारप्रसार, सामग्री वितरण, अभिलेख व्यवस्थापन, कक्षा सञ्चालनको समयको उपयुक्तता, समुदायको कार्यक्रम प्रतिको अपनत्व, अन्य सरोकारवालाहरू बीचको समन्वय, स.का.को तालिमको उपयुक्तता, पाठ्यक्रम र पाठ्यपुस्तक बीचको सामन्जस्यता जस्ता पक्षहरूमा अध्ययन गरेको छ। साथै कार्यक्रमलाई जीवनपर्यन्त (निरन्तर शिक्षा) शिक्षासँग जोडेर लैजानुपर्ने, कार्यक्रमसँग सम्बन्धित व्यक्तिहरूको उत्तरदायित्वको स्पष्टता र कार्यसंपादन अनुरुप पुरस्कार र दण्डको व्यवस्था हुनुपर्नेमा जोड दिइएको छ।

पाठ्यक्रमको उद्देश्य, पठनोपयोगी सामग्रीहरू, शिक्षण विधिहरूलाई ध्यानमा राखी अनौपचारिक शिक्षा कार्यक्रमको स्थिति विश्लेषण, सामग्री निर्माणदेखि सहयोगी कार्यकर्ता तयारी, सुपरीवेक्षण तथा अनुगमन व्यवस्थामा आधारित कार्यक्रम कार्यान्वयनको प्रभावकारिताको मूल्याङ्कन अनौपचारिक शिक्षा प्राप्त गरेका व्यक्तिहरूको जीवनमा भएका प्रभावहरू, व्यवहारमा पविर्तन, शिक्षाको स्तर, लक्ष्यित बर्गअनुरुप शिक्षण विधि र धारणाको प्रभावकारिताको विश्लेषण, साक्षरहरूको बढी क्षमता तुल्याउन अझ बढी सुधारका उपायहरू सिफारिस गर्ने हेतुले यो अध्ययन भएको पाइन्छ।

अनौपचारिक शिक्षाका सबै कार्यक्रमहरू समेट्ने गरी अनौपचारिक शिक्षाको प्रभाव पहिल्याउन कार्यक्रमोत्तर परीक्षणको अनुसन्धान ढाँचाको प्रयोग गरी हिमाल, पहाड, तराई तथा पाँचओटै विकास क्षेत्र समेट्ने हिसावले ६ नमूना जिल्लामा सरोकारवालाहरू र

कार्यक्रमहरू नछुट्ने गरी जनसंख्याको छनौट गरिएको छ । साथै स्थलगत निरीक्षण अवलोकनद्वारा कार्यक्रमको सम्पूर्ण वातावरण बुझ्ने कार्य गरिएको उल्लेख गरिएको छ । अन्य देशहरूको अनुभवको जानकारी लिइएको कुरासमेत उल्लेख छ । ६ जना अनुसन्धान सहायकहरूद्वारा ६ ओटा नमूना जिल्लाहरूबाट बाल, प्रौढ र महिला शिक्षाका दुबै तहका कक्षाहरूबाट तथ्याङ्क संकलन गरिएको उक्त अध्ययनमा जि.शि.अ., कार्यक्रम शिक्षक (Facilitator), विद्यालय शिक्षक, अभिभावकहरू, निरक्षर व्यक्तिहरू, समुदायका सदस्यहरूबाट अन्तर्वार्ता र छलफलका माध्यममार्फत प्राथमिक तथ्याङ्क संकलन गरिएको उल्लेख गरिएको छ । अनौपचारिक शिक्षाको प्रभावकारिताको स्थिति पत्ता लगाउन परीक्षाका उपलब्धि विश्लेषण तथा सहभागीको व्यवहारमा देखिएको परिवर्तनको तुलनात्मक विश्लेषण गरी अनौपचारिक शिक्षाप्रतिको धारणा, मूल दृष्टिकोण, स्थिति, रणनीति, शैक्षिक र शिक्षण सामग्रीका आधारमा तथ्याङ्क विश्लेषण गरिएको छ ।

तीनै प्रकारका कार्यक्रमका दुबै तहका सहभागीहरूका साक्षरतासम्बन्धी परीक्षा साधारण लेखाइ, बुझाइ, शब्दको पहिचान, गणितीय ज्ञानमा आधारभूत उपलब्धि परीक्षण गर्दा बुझाइ र गणितीय ज्ञानमा कमजोर, वाक्य गठन, उपयुक्त शब्द चयन जस्ता पक्षमा कमजोर देखिएको उपलब्धि परीक्षाका नतिजाको विश्लेषणमा औल्याइएको छ । अनौपचारिक शिक्षा कार्यक्रमको स्थितिमा कक्षाकोठाको बातावरण, शैक्षिक तथा शिक्षण सामग्री वितरण, कक्षा शिक्षण, शिक्षाको माध्यम र शिक्षण विधि, सिकाइको मूल्याङ्कनजस्ता पक्षहरूमा विश्लेषण गरिएको छ ।

कार्यक्रम शिक्षकका समस्याहरू र सहभागी अभिप्रेरणाका कारण सम्बन्धमा शिक्षकको अवलोकन, अनौपचारिक शिक्षा प्राप्त गरिसकेका व्यक्तिहरूमा शिक्षकहरूले पाएको परिवर्तन, अनौपचारिक शिक्षाका सहभागीहरूको अवलोकन र उनीहरूले सामना गर्नुपरेका समस्याहरू र सहभागीहरूले महसूस गरेका आफ्ना परिवर्तन जस्ता शीर्षकहरूमा संकलित तथ्याङ्कबाट बिश्लेषण गरी तथ्यको निरुपण गरिएको छ । त्यस्तै पाठ्यक्रम, पाठ्यपुस्तक बीच सामञ्जस्यता, स्थानीय निरीक्षकको राय तथा अवलोकन, अनौपचारिक शिक्षा कार्यक्रम बारे अभिभावकहरूको राय तथा अवलोकन, समुदायका अन्य व्यक्तिहरूको राय, सहभागी हुन नपाउने निरक्षरहरूको प्रतिक्रिया, अनौपचारिक शिक्षा कार्यक्रमका सवल र निर्वल पक्ष,

अध्ययनका प्रमुख उपलब्धि र सुझावहरू यस अध्ययन प्रतिवेदमा समेटिएको पाइयो ( शिक्षा विभाग, अध्ययन अनुसन्धानको प्रतिवेदन, २०५९/०६० र २०६०/०६१ ) ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

विद्यालय शिक्षाको पहुँचमा भौगोलिक विकटता, आर्थिक विपन्नता र चेतनाको स्तर न्यून भएका अभिभावकहरूका बालबालिकाहरूका लागि यो बैकल्पिक विद्यालय शिक्षा कार्यक्रम राज्यले ल्याएको हुनाले अब्राहम मास्लोको अभिप्रेरणाको सिद्धान्त जसले आधारभूत आवश्यकता पुरा गर्न मुस्किल पर्ने बर्गका बालबालिकाहरुका लागि राज्यबाट प्राप्त सुविधा र अवसरको अभिप्रेरणाले काम गर्ने साथै शिक्षा मनोविज्ञाता वि.एफ.स्कीनरको कार्यवाहक सम्बद्ध सिकाइ सिद्धान्त जसले सिकारुलाई सिक्न उत्प्रेरित गर्न र सिकाइ व्यवहारमा अभ्यस्तता प्रदान गर्न तथा व्यवहारमा सुधार गर्न क्रमशः पुनर्बल प्रदान गर्दैजाने सिद्धान्त भएकोले आधारभूत आवश्यकता पुरा गर्न मुस्किल पर्ने बर्गका बालबालिकाहरूका लागि राज्यबाट प्राप्त सुविधा र अवसरले पुनर्बलको काम गरी ती बर्गका बालबालिकाहरूको शिक्षामा पहुँचको स्थितिलाई प्रभावोत्पादक पार्ने अपेक्षाका साथ यस परिच्छेदमा चर्चा गरिएको हो ।

अमेरिकी मनोवैज्ञानिक अब्राहम मास्लोका अनुसार उनले सन् १९४३ मा प्रतिपादन गरेको आवश्यकतामा आधारित सिद्धान्तमा मानिस आवश्यकता विना कुनै पनि कार्य गर्न क्रियाशील हुँदैन भनिएको छ । मानिसमा प्रशस्त इच्छा, आवश्यकता र चाहना हुन्छन् । त्यसको परिपूर्ति पश्चात् पनि अन्य इच्छा, आवश्यकता, चाहना थप भइरहन्छन् । मानिसका कुनै चाहना पूरा हुन सक्छन् तर चाहना र आवश्यकताको पूर्णता भने कहिल्यै हुँदैन जुन प्राप्तिका लागि मानिस उत्प्रेरित हुनेगर्दछ । मानिसको अप्राप्त चाहना पनि अनगिन्ति हुन्छन् जसलाई एक निश्चित क्रमबद्धताको आधारमा छट्याउन सकिन्छ । निम्न स्तरका धेरै आवश्यकताको परिपूर्ति पश्चात् प्राथमिकता क्रमका आधारमा उच्चस्तरका आवश्यकता परिपूर्तिका लागि मानिस उत्प्रेरित हुँदैजान्छ  भन्ने धारणा उनले उल्लेख गरेकाछन् । उनले मानिसको आवश्यकतालाई श्रृङ्खलाबद्ध तवरले शारीरिक आवश्यकता, सुरक्षात्मक आवश्यकता, सामाजिक आवश्यकता, स्वाभिमानको आवश्यकता र आत्मसन्तुष्टिको आवश्यकता भनेर पाँच श्रेणीमा विभाजन गरेका छन् । यस सिद्धान्त अनुसार बैकल्पिक

विद्यालय शिक्षा कार्यक्रमद्वारा प्रदत्त शैक्षिक बृत्ति र अवसरको न्यूनतम आवश्यकता परिपूर्तिले लक्ष्यित बर्गका बालबालिकाहरुलाई कार्यक्रममा सहभागी हुन र पढाइ पूरा गरी औपचारिक शिक्षामा प्रवेश गर्न अभिप्रेरणा प्रदान गर्ने छ (कोइराला र श्रेष्ठ - २०५९ मा उद्धृत) ।

वि.एफ. स्किनर (सन् १९४३) का अनुसार सिकारुलाई सिक्न उत्प्रेरित गर्न र सिकाइ व्यवहारमा अभ्यस्तता प्रदान गर्न तथा व्यवहारमा सुधार गर्न क्रमशः पुनर्बल प्रदान गर्दैजानु पर्छ भन्ने तथ्यमा आधारित कार्यबाहक सम्बद्ध सिकाइ सिद्धान्तमा कुनै पनि कार्य गर्न प्राणीमा उत्तेजना पैदा हुनुपर्छ अर्थात् प्राणीबाट चाहेको व्यवहार प्राप्त गर्न प्राणीमा उत्तेजना प्रदान गराउन सक्नु पर्छ । तर त्यो उत्तेजना पुनर्बलयुक्त हुनुपर्छ । यस्तो उत्तेजनाबाट प्राप्त प्रतिक्रियालाई क्रियाशील बनाई सिकाइ प्राप्त गर्न सकिन्छ । चाहेको व्यवहारमा अभ्यस्त गराउन सकिन्छ । सिकारुको व्यवहारलाई चाहेअनुसारको आकारमा परिवर्तन गर्न सकिन्छ । प्राणीको ठीक व्यवहार (प्रतिक्रिया) प्रति ठीक समयमा नै पुनर्बल प्रदान गर्न नसक्दा त्यसको असर नकारात्मक पनि हुनसक्छ । नकारात्मक आदत वा आकार निर्माण हुनसक्छ । सामान्य परिणामको आँकलन गरी प्रतिक्रिया अनुसार पुनर्बल प्रदान गर्दैरहनु पर्छ भनिए अनुसार बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमद्वारा प्रदत्त पुनर्बलले लक्ष्यित बर्गका बालबालिकाहरुलाई कार्यक्रममा सहभागी हुन र पढाइ पूरा गरी औपचारिक शिक्षामा प्रवेश गर्न प्रेरित हुनेछन् (शर्मा एण्ड शर्मा, २०६१ मा उद्धृत) ।

## २.३ शैक्षिक उपादेयता

बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमका बारेमा सरकारी मूल दस्तावेजहरुमा व्यवस्था गरेका कुराहरुको  अलावा शिक्षा विभागद्वारा गरिएको अध्ययन अनुसन्धानले यस अध्ययनलाई टेवा पुग्ने साहित्यको अध्ययन विश्लेषणबाट भएको सिकाइले बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमसँग सम्बन्धी भए गरेका व्यवस्था, उपलब्धि, सवल एवम् कमजोर पक्षहरू, अवसर र चुनौतीहरू लगायतका क्षेत्रमा थप नयाँ धारणाको खोजी गर्ने आधार प्रदान गरी यस शीर्षकमा अध्ययन गर्न थप सहयोग पुग्नेछ भन्ने आशा गरिएको छ । आधारभूत शिक्षामा बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता र त्यसको कार्यान्वयनसँग सम्बन्धित

योजना, व्यवस्थापन र कार्यान्वयनसँग सम्बन्धित यावत् पक्षहरूमा महत्वपूर्ण आधार प्राप्त गर्नेछ भन्ने अपेक्षा गरिएकोछ ।

प्रस्तुत सैद्धान्तिक खाकाको पुनरावलोकनबाट अहिलेसम्म यस विषयसँग सम्बन्धित भई स्थापित भएका सिद्धान्तहरू र सिद्धान्तले बनाएका मूलभूत पक्षहरूको अध्ययन गर्छ । यहाँ चर्चा गरिएका सिद्धान्तहरुलाई सम्बन्धित अध्ययनको विषयसँग जोडेर शैक्षिक उपादेयताको उल्लेख गर्ने प्रयास गरिएको छ । बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमका लक्ष्यित बर्गका वालवालिकाहरूका अनगिन्ति आवश्यकताहरू हुन्छन् । यस्ता वर्गका केटाकेटीहरूको शिक्षामा पहुँच पुग्न नसक्नमा उनीहरूले न्यूनतम आधारभूत बस्तु तथा सेवाहरू प्राप्त गर्न नसक्नु हो ।  आर्थिक कमजोरीका कारण उचित पोशाक, पोषण, स्टेसनरी सामग्री दिन नसक्दा उनीहरूले पढाइलाई निरन्तरता दिन सक्दैनन् । अन्ततोगत्वा शैक्षिक उपलब्धि राम्रो हुँदैन र वीचैमा विद्यालय छाड्न वाध्य हुन्छन् । तर आधारभूत आवश्यकता पूरा भएमा उनीहरूको पढ्ने चाहना र विद्यालय भर्नामा पहुँच र नियमिततामा बृद्धि हुनुका साथै विद्यालय बाहिरका बालबालिकहरूलाई विद्यालय शिक्षाको मूलप्रवाहमा समाहित गर्न सक्षम हुन्छ । यो बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमलाई लक्ष्यित बर्गका बालबालिकाहरूको शिक्षामा पहुँच अभिबृद्धि गर्ने गरी सही रुपमा कार्यान्वयनमा ल्याउने विषयमा अध्ययन गर्न अभिप्रेरणाको सिद्धान्तले उचित आधार प्रदान गरेको छ ।

यसैगरि कार्यबाहक सम्बद्ध सिकाइ सिद्धान्त अनुसार यो बैकल्पिक विद्यालय शिक्षा कार्यक्रम सुविधाविहीन वर्गका बालबालिकाहरूका निम्ति उत्तेजना जगाउने पुनर्बल हुनसक्छ । आफ्नो अनुकूलको स्थान र समयमा पढ्न पाउने किताव, कापी र पेन्सील जस्ता पढ्ने सामग्री पनि पाउने भएकाले त्यस्ता बैकल्पिक विद्यालयहरूमा भर्ना हुन, टिकिरहनुका साथै उच्च शैक्षिक दक्षता बृद्धि हुन्छ । यो उनीहरूको प्रतिक्रियापरक व्यवहार हो । यस कार्यक्रमले विद्यालय प्रवेश गर्न भोक जगाउँछ । सिकाइ प्रक्रियामा विस्तारै सक्रियता बढाउँछ । जसरी स्किनरको भोको मुसाले लिवर थिच्नासाथ खाना प्राप्त गरे झै प्रत्येक सफलतामा उनीहरू पढाइको थप अवसरका लागि काम गर्छन् । आफूले गुमाएको शिक्षा आर्जनको अवसरलाई पुनः प्राप्त गर्न अवसर सम्बलनका रुपमा स्थापित भई आफ्नो कक्षाको पढाइमा लगनशील र अभ्यस्त बन्दैजान्छन्  र व्यवहार परिवर्तन गर्न सफल हुन्छन् भन्ने मान्यताका आधारमा यस सिद्धान्तलाई पनि शैक्षिक उपादेयताका रुपमा लिन सकिन्छ ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

यो अध्ययन परिमाणात्मक र गुणात्मक दुबै ढाँचामा आधारित छ। आवश्यकता अनुसार व्याख्यात्मक र विश्लेषणात्मक पद्धतिलाईसमेत अंगालिएको छ।

## ३.२. जनसंख्या

अध्ययनका लागि धनकुटा जिल्लाभरि छरिएको अवस्थामा हाल सञ्चालन भइरहेको प्राथमिक शिक्षा विस्तार कार्यक्रम ११ ओटा सबै र सञ्चालन भइसकेका अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रममध्ये २ ओटा कक्षाहरू सञ्चालन गरिएका गा.वि.स.हरु तथा यस कार्यक्रमसँग सम्बन्धित सरोकारवालाहरु यस अध्ययनमा जनसंख्याको रुपमा लिईएको छ।

## ३.३ नमूनाको आकार र छनौट विधि

यस अध्ययनका लागि निर्धारण गरिएका धनकुटा जिल्लामा बैकल्पिक विद्यालय शिक्षा कार्यक्रम अन्तर्गत सञ्चालन गरिएका प्राथमिक शिक्षा विस्तार कार्यक्रम ११ ओटा सबै कक्षाहरू छनौट गरिएको छ साथै आधारभूत शिक्षामा बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमले पहुँचमा पारेको प्रभावलाई दृष्टिगत गरी विगतमा सञ्चालन भइसकेका अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रममध्ये २ ओटा केन्द्रहरूकोसमेत अध्ययनका लागि संभावनामा आधारित विधिद्वारा छनौट गरिएको छ साथै सरोकारवालाहरुको हकमा पनि संभावनामा आधारित छनौट प्रक्रिया अपनाइएको छ।

## ३ ४ नमूना छनौटको आधार

नमूना छनौटका आधारका सम्बन्धमा धनकुटा जिल्लाको बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमका सञ्चालित सबै केन्द्रहरु लिइएकोले ग्रामीण क्षेत्र, शहरी क्षेत्र, सुगम-दुर्गम,

विभिन्न लक्ष्यित बर्ग आदि छनौटका आधारहरु लिइएको छ । साथै कक्षाकेन्द्रहरू तथा उत्तरदाता छनौटको विवरण तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

तालिका : १ कक्षाकेन्द्र तथा उत्तरदाता छनौट विवरण

| क्र.सं. | कार्यक्रमको नाम | कक्षाकेन्द्र संख्या | | उत्तरदाताहरूको संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | हाल सञ्चालित | सञ्चालन भइसकेका | स.का. | मातृ वि.प्र.अ. | क.व्य.स.का पदाधिकारी | अभिभावक | सहभागी | वि.नि./स्रो.व्य. | कर्मचारी/शा.अ. |
| १ | प्रा.शि.बि.का | ११ | ० | ४ | २ | ४ | ४ | ४ | २/४ | १/१ |
| २ | अ.प्रा.शि.का. | ० | २ | | २ | | | | | |

## ३.५ अनुसन्धानका साधन

यस अध्ययनमा तथ्याङ्क सङ्कलनका लागि निम्नप्रकारका साधनहरूको प्रयोग गरिएको छ ।

क) अन्तर्वार्ता/प्रश्नावली

ख) अवलोकन

ग) कक्षाकेन्द्र सर्बेक्षण फाराम

घ) अभिलेख अध्ययन

## ३.६ तथ्याङ्कका स्रोतहरू

अध्ययनका क्रममा प्राथमिक र सहायक दुबै तथ्याङ्कहरूको प्रयोग गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत अन्तर्वार्ता, प्रश्नावली, अवलोकनको प्रयोगबाट प्राप्त सूचनाहरूको प्रयोग गरिएको छ भने सहायक स्रोत अन्तर्गत अभिलेख, कक्षाकेन्द्रका तथ्याङ्कहरू विभिन्न शैक्षिक बुलेटिन र योजनाहरू, पत्रपत्रिकाहरू, अनौपचारिक शिक्षा कार्यान्वयन निर्देशिका तालिम सामग्री र कार्यक्रमसँग सम्बन्धित पुनरावलोकन गरिएका साहित्यहरू आदिको प्रयोग गरिएको छ ।

## ३.७ तथ्याङ्क संकलन प्रक्रिया

अध्ययनका लागि छनौट गरिएका कक्षाकेन्द्र सर्वेक्षण फाराम, अन्तर्वार्ता र प्रश्नावलीका लागि उद्देश्य केन्द्रीत साधनहरु निर्माण गरी ४ ओटा केन्द्रहरुमा आफै गएर अवलोकनसमेत

गरी तथ्याङ्क संकलन गरिएको र बाँकी केन्द्रहरुका लागि स्रोतव्यक्तिहरुको सहयोग लिइएको छ । स्रोतव्यक्ति, वि.नि.,कार्यक्रम हेर्ने उपसचिव तथा फाँट हेर्ने वि.नि. लाई प्रश्नावली भराउने र जिल्ला शिक्षा कार्यालयबाट लिइने सूचना र अभिलेख अध्ययन आफैले गरिएको छ ।

## ३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया

अवलोकन, प्रश्नावली, अन्तर्वाता, कक्षाकेन्द्र सर्वेक्षण फाराम, अभिलेखबाट प्राप्त तथ्याङ्कलाई विभिन्न तालिका, चार्ट, ग्राफ, प्रतिशत, अनुपात, औषत आदिको प्रयोग गरी विश्लेषण गरिएको छ । तथ्याङ्कलाई सूचकाङ्कमा परिणत गर्न भर्ना दर, उपस्थिति दर, कक्षा उत्तीर्ण दर, कक्षा छोड्ने दर, शैक्षिक उपलब्धि दर, तह उत्तीर्ण (कार्यक्रम अवधिपछि ) पछि उपयुक्त कक्षामा भर्नाको स्थिति पत्ता लगाइएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या

यस खण्डमा आधारभूत शिक्षामा बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता पत्ता लगाउन धनकुटा जिल्लाअर्न्तगतका पहिले नै चलिसकेका अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रमहरु मध्ये दुई ओटाको तह पूरा गरेपछि विद्यालय शिक्षामा भर्नाको स्थिति र हाल चलिरहेका प्राथमिक शिक्षा विस्तार कार्यक्रमका ११ ओटा केन्द्रहरुको भौतिक तथा व्यवस्थापकीय अवस्था, सहभागीहरुको भर्ना स्थिति, नियमितता, कक्षोत्तीर्ण अवस्था, बीचमै केन्द्र छाड्ने स्थिति र औषत तथा विषयगत सिकाइ उपलब्धि स्थितिको तुलानात्मक अध्ययनका लागि केन्द्रगत तथ्याङ्कको विश्लेषण तथा व्याख्या गरिएको छ । अध्ययनलाई बढी खोजमूलक र वस्तुपरक बनाउनका लागि दुई केन्द्रहरु वीच तुलनात्मक अध्ययन तथा समष्टिगत रुपमा आधारभूत शिक्षामा बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको योगदान, कार्यक्रमको उपलब्धि विश्लेषण तथा प्रभावका सन्दर्भमा कक्षाकेन्द्रका स.का., सहभागी अभिभावक के.व्य.स., मातृ विद्यालयका प्र.अ., स्रोतव्यक्ति, वि.नि./शा.अ. लगायतका जिल्ला शिक्षा कार्यालय, धनकुटाका कर्मचारीहरुबाट सङ्कलित तथ्याङ्कहरुलाई समेत विभिन्न तालिकामा राखी विश्लेषण तथा व्याख्या गरिएको छ । अन्तरवार्ता र प्रश्नावलीमा संलग्न सहभागीहरुको विवरण अनुसूची १ मा समावेश गरिएको छ । यस कार्यक्रमका मूलभूत समस्या र चुनौतीका बारेमा समेत पर्गेल्ने काम भएको छ । साथै बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरुको खोजी गर्ने कार्य यहाँ गरिएको छ ।

## ४.१ आधारभूत शिक्षामा बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको योगदानको विश्लेषण

आधारभूत शिक्षामा बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको योगदानको विश्लेषण गर्न जिल्लामा सञ्चालित बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको विवरण, कक्षाकेन्द्रहरुको विवरण, सहयोगी कार्यकर्ताहरुको विवरण, अभिभावकहरुको पेशागत विवरण, केन्द्र

व्यवस्थापन समितिका पदाधिकारीहरुको विवरण, कक्षाकेन्द्रको भौतिक विवरण, जि.शि.का.बाट प्राप्त सेवा, सुविधा र सामग्रीहरुको विवरण, केन्द्र व्यवस्थापन समितिबाट प्राप्त सहयोगको विवरण, अभिभावकहरुबाट प्राप्त सहयोग एवम् सरोकारवालाहरुबाट प्राप्त सूचना जस्ता तथ्याङ्कहरुलाई आधार लिई आधारभूत शिक्षामा बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको  योगदानको विश्लेषण गरिएको छ ।

### ४.१.१ बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको योगदान

शोधलाई मुख्य अध्ययनको क्षेत्रका रुपमा लिइएको धनकुटा जिल्लामा सञ्चालित बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको विवरण यहाँ प्रस्तुत गरिएको छ । जिल्लालाई अध्ययनको क्षेत्रका रुपमा लिँदा यस जिल्लामा २०६२ सालमा खुलेका अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रमहरु मध्ये २ ओटा कक्षाकेन्द्रहरुलाई बैकल्पिक विद्यालय शिक्षाबाट औपचारिक शिक्षामा विद्यार्थीहरुको प्रवाहलाई हेर्ने उद्देश्यले समावेश गरिएको छ भने हाल सञ्चालनमा भएका कक्षाकेन्द्रहरुमा प्रांथमिक शिक्षा विस्तार कार्यक्रमहरु सबै ११ ओटाको अध्ययनका लागि छनौट गरिएको छ । सोको विवरण तालिका नं. २ मा प्रस्तुत गरिएको छ ।

तालिका : २  धनकुटा जिल्लामा सञ्चालित बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको विवरण

| क.सं. | विवरण | संख्या | सहभागी संख्या | स्थापना वर्ष | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रा.शि.वि.का. | ७ | ११६ | २०६५ | पुराना |
| २ | प्रा.शि.वि.का. | ४ | ८० | २०६६ | नयाँ |
| ३ | अ.प्रा.शि.का. | २ | ३० | २०६२ | सञ्चालन भइसकेका |
| | | १३ | २२६ | | |

स्रोतः जिल्ला शिक्षा कार्यालय, धनकुटा-२०६७

२०६२ सालमा खोलिएका अनौपचारिक शिक्षा कार्यक्रमका २ ओटा कक्षाकेन्द्रहरुको सहभागीहरुको संख्या ३० देखिन्छ भने २०६५ सालमा खोलिएका ७ ओटा प्राथमिक शिक्षा विस्तार कार्यक्रमका सहभागीहरुको संख्या ११६ जना भएको पाइन्छ । एक कक्षाकेन्द्रमा हुनुपर्ने २० जनाको संख्यालाई आधारलिंदा ७ केन्द्र बराबर १४० जना हुनुपर्नेमा सो संख्या भन्दा २४ सहभागीहरु न्यून देखिन्छ । कोटाका आधारमा जति संख्यामा सहभागीहरुले

अवसर पाउनुपर्ने हो सो नभएको पुष्टि हुन्छ। २०६६ सालमा खोलिएका ४ ओटा प्राथमिक शिक्षा विस्तार कार्यक्रमका सहभागीहरुको संख्या भने ८० जनाको रहेको छ । उक्त संख्या मानकका हिसावले उपयुक्त रहेको देखिन्छ।

### ४.१.२ बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमका कक्षाकेन्द्रहरु

अध्ययनका लागि छनौट गरिएका कक्षाकेन्द्रहरुको अवस्थिति जिल्लाका १० गा.वि.स.मा रहेका छन्। प्रा.शि.वि.का.२०६५ सालमा खोलिएका ७ र २०६६ सालमा खोलिएका ४ गरी जम्मा ११ केन्द्र र २०६२ सालमा स्थापना भई कार्यक्रम पूरा भएका अ.प्रा.शि.का.का २ केन्द्र रहेका छन्। केन्द्रहरुको नाम, ठेगाना, स्थापना बर्ष तथा मातृ विद्यालयको विवरण अनुसूची ३ क मा राखिएको छ।

कक्षाकेन्द्रहरु धनकुटा जिल्लाका दूरदराजमा जहाँ सुविधाविहिनहरुको पहुँच होस् भनी खोलिएको पाइन्छ। जिल्लाकै ठूलो गा.वि.स. छिन्ताङ्ग र बेलाहारामा २ ओटा केन्द्र सञ्चालन गरिएको छ।

### ४.१.३ बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको कक्षाकेन्द्रका सहयोगी कार्यकर्ता

कक्षाकेन्द्रमा सिकाउने सहयोगी कार्यकर्ताहरु सबै स्थानीय छन्। ती मध्ये ११ जना महिला र २ जना पुरुष स.का. रहेका छन्। दलित १ जनजाति ६ र अन्य ६ जनाको सहभागिता छ। सबैलाई पूर्वसेवाकालिन र सेवाकालिन तालिम दिइएको छ। १२ जनाले एसएलसी र १ जनाले बाह्र उत्तीर्ण गरेको पाइन्छ। कक्षाकेन्द्र अनुसार सहयोगी कार्यकर्ताको नाम, शैक्षिक योग्यता र तालिमको विवरण अनुसूची ३ ख मा राखिएको छ।
महिलाहरुलाई कार्यक्रमले प्राथमिकता दिए अनुसार स.का.को व्यवस्थापन गरिएको छ। तोकिएको न्यूनतम शैक्षिक योग्यता भएका स.का. को नियुक्त गरिएको छ। पूर्व सेवाकालीन तालिम र पुर्नताजगीकालागि सेवाकालीन तालिम दिइएको छ। दलित स.का.को संख्या सहभागीका आधारमा कम भएको पाइन्छ।

### ४.१.४ कक्षाकेन्द्रका सहभागीहरुका अभिभावकहरुको पेशा

सुविधाविहिन वर्गका बालवालिकालाई लक्षियत गरी ल्याइएको यो कार्यक्रमका केटाकेटीका अभिभावक कस्तो पेशा अवलम्बन गर्दै आएका छन् भन्ने तथ्य अनुसूची ३ ग मा राखिएको छ  जसलाई तलको पाइचार्टमा प्रस्तुत गरिएको छ।

चित्र : १ कक्षाकेन्द्रका सहभागीका अभिभावकहरुको पेशागत विवरण




स्रोतः कक्षाकेन्द्र सर्वेक्षण फाराम -२०६७

जम्मा २२६ जना सहभागीहरु मध्ये १२५ जना अभिभावकहरु ग्रामीण भेगमा कृषि, मजदूर तथा न्यून आय भएका कृषकहरु छन् भने ज्याला मजदूरी गरी खानेको संख्या ३८ रहेको छ। व्यापार गर्ने ३ र अन्य पेशामा लागेकाको संख्या १० रहेको छ। ती अन्य भनेकाहरु पेशा नखुलेका अभिभावकहरुसमेत पर्दछन्। यसरी अभिभावकको पेशालाई हेर्दा विपन्न बर्गका बालवालिकाहरु नै यस कार्यक्रममा समावेश भएको पाइन्छ।

### ४.१.५ कक्षाकेन्द्र व्यवस्थापन समितिका पदाधिकारी

कुनै पनि शैक्षिक कार्यक्रमको सफलता त्यसका सरोकारवालाहरुको सहभागितामा आधारित हुन्छ । राज्यले प्रदान गर्ने सबै प्रकारका सुविधाहरुलाई सेवाग्राहीले कसरी अवलम्बन गरेका छन् र त्यसमा उनीहरुको चासो कस्तो रहेको छ भनी आंकलन गर्नु उपयुक्त हुन्छ । त्यसैले कक्षाकेन्द्र व्यवस्थापन समितिमा जातिगत र पेशागतरुपमा सरोकारवालको सहभागितालाई यहाँ बरग्राफमा प्रस्तुत गरिएको छ । साथै अनुसूची ३ घ मा समेत राखिएको छ ।

चित्र :२ कक्षाकेन्द्र व्यवस्थापन समितिका पदाधिकारीहरुको जातिगत र पेशागत विवरण




स्रोत: कक्षाकेन्द्र सर्वेक्षण फाराम -२०६७

बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमका १३ केन्द्र मध्ये २ जना दलित ९ जना जनजाति र २ जना अन्य जातका व्यक्तिहरुले कक्षाकेन्द्रको अध्यक्षता गरेको पाइन्छ भने सदस्यहरुमा १२ दलित, ५४ जनजाति र २६ जना अन्य जातका व्यक्तिहरु रहेको पाइन्छ । रोजगारी गर्ने १६ जना र सानोतिनो व्यापार गर्ने ६ जना बाहेक सबै कृषि पेशामा आवद्ध व्यक्तिहरुले कक्षाकेन्द्रको व्यवस्थापनको जिम्मा लिएको पाइन्छ । यसर्थ सरोकारवालाहरुको सहभागितालाई हेर्दा लक्ष्यित समूह बाहूल्यता रहेको तथ्यले बताउँछ ।

### ४.१.६ बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको कक्षाकेन्द्रको भौतिक अवस्था

कुनै पनि संस्थाको भौतिक अवस्थाले उसको प्रभावकारीता एवम् योगदानमा र उद्देश्य प्राप्तिमा गंभीर प्रभाव पारेको हुन्छ। यसर्थ अध्ययनका लागि छनौट गरिएका कक्षाकेन्द्रहरुको के कस्तो अवस्था छ भनी अध्ययन र विश्लेषण गर्न कक्षाकेन्द्रहरुको भौतिक अवस्थाको विवरण तलका ग्राफचार्टमा प्रस्तुत गरिएको छ।

चित्र : ३ कक्षाकेन्द्रको भौतिक विवरण




स्रोत: कक्षाकेन्द्र सर्वेक्षण फाराम -२०६७

गुराँसे, बाजथाला, सारुगाउँ, बरबोटे, छुम्लिङ्ग केन्द्रहरुमा निरीक्षण पुस्तिका, पत्राचार अभिलेख तथा बार्षिक योजना नभएको पाइन्छ।

चित्र :४ कक्षाकेन्द्रको भौतिक विवरण




स्रोत: कक्षाकेन्द्र सर्वेक्षण फाराम -२०६७

गुराँसे, बाजथाला, सारुगाउँ, बरबोटे, छुम्लिङ्ग केन्द्रहरुमा टेबुल र कालोपाटी पनि नभएको पाइन्छ।

### ४.१.७ जिल्ला शिक्षा कार्यालयबाट प्राप्त सेवा, सुविधाको प्रवाह

सरकारले शिक्षाबाट कोही बञ्चित नहुन् भनी गरेको प्रयासको प्रतिफल बैकल्पिक विद्यालय शिक्षा कार्यक्रम ल्याएको हो र यसको कार्यान्वयन गर्ने निकाय भनेको जिल्ला शिक्षा कार्यालय हो । लक्ष्यित समूहको पहिचान, कोटा वितरण, स.का. लाई तालिम, कार्यक्रम सञ्चालन खर्च, नियमित निरीक्षण तथा अनुगमन गर्ने कार्य जिल्ला शिक्षा कार्यालयको भएकोले धनकुटा जिल्लामा सञ्चालित बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमलाई प्रदान गरिने सेवा, सुविधा र सामग्रीहरुको विवरण तलका ग्राफचार्टमा प्रस्तुत गरिएको छ ।

चित्र :५ जि.शि.का.बाट प्राप्त सुविधा




स्रोतः जिल्ला शिक्षा कार्यालय -२०६७

जिल्ला शिक्षा कार्यालयले सबै स.का.हरुलाई तालिम दिएको, हाजिरी रजिष्टर तथा प्रति सहभागी एक सेट किताव र कापी, पेन्सिल दिएको पाइयो ।

चित्र : ६ जि.शि.का. बाट प्राप्त सुविधा




स्रोतः जिल्ला शिक्षा कार्यालय -२०६७

कक्षाकेन्द्रको स्थापना कालमा केन्द्रको व्यवस्थापन गर्न रु. ३०००।- दिइएको छ भने बाँकी दुई बर्षका लागि १०००।- दिइएको छ। केन्द्र सञ्चालन गर्ने सहयोगी कार्यकर्तालाई पूर्व सेवाकालीन तालिम १५ दिनको र सेवाकालीन पुनर्ताजगी तालिम ६ दिनको दिइएको छ। स.का. पारिश्रमिक प्रतिमहिना रु.२०००।- दिनुका साथै प्रति सहभागी मसलन्द खर्च बापत बार्षिकरुपमा रु.४८५ ।- प्रदान गरिएको छ।

## ४.१.८ कक्षा व्यवस्थापन समितिबाट प्राप्त सहयोग

केन्द्रप्रतिको अपनत्व र जिम्मेवारी लक्ष्यित समूहलाई प्रदान गरेमा कार्यक्रमलाई अझ प्रभावकारी बनाउन सकिन्छ भन्ने अभिप्रायले प्रत्येक केन्द्रको रेखदेख र सहयोग प्रदान गर्न एउटा केन्द्र व्यस्थापन समिति गठन गरिएको हुन्छ। अध्ययनकालागि छनौट गरिएका केन्द्रका लागि समितिले पुऱ्याएको सहयोग विवरण तलको ग्राफचार्टमा प्रस्तुत गरिएको छ।

चित्र : ७ कक्षाकेन्द्रलाई क.व्य.समितिबाट प्राप्त सहयोग




स्रोत: कक्षाकेन्द्र सर्वेक्षण फाराम -२०६७

सबै कक्षा केन्द्र व्यवस्थापन समितिले आफ्नो केन्द्रलाई धेरथोर जे जस्तो भए पनि भवन, बस्ने फर्निचर/सुकुल, चकटी, सिकाइका लागि सामग्री, सहभागीको नियमितता, अभिभावक भेटघाट र आवश्यक विषयमा छलफल तथा खानेपानी, शौचालय, घेराबारा आदि बाह्य वातावरणको व्यवस्थापनमा सहयोग पुऱ्याएको पाइन्छ। साथै सम्बन्धि सरोकारवालाहरु सँगको समन्वयमा भूमिका खेलेको पाइन्छ।

### ४.१.९ अभिभावकहरुबाट प्राप्त सहयोग

आफ्ना बालवालिकाहरुलाई अभिभावकहरुले के कसरी सहयोग गरेका छन् सो आधारमा समेत कार्यक्रमको योगदान र प्रभावकारिता मापन गर्न सकिने भएकाले यहाँ उनीहरुले गरेको सहयोगको उल्लेख गरिएको छ।

अभिभावकहरूबाट प्राप्त सहयोग

क) नियमित विद्यार्थी पठाउने गरेको।

ख) पढाइका लागि चाहिने सामग्री व्यवस्था गर्ने गरेको।

ग) कहिलेकाँहि विद्यार्थीको पढाइबारे केन्द्रमा आई बुझ्ने गरेको।

घ) केन्द्रले बोलाएको बेला आउने र छलफलमा भाग लिने गरेको।

ङ) विद्यार्थीको पढाइमा सहयोग गर्ने गरेको।

च) विद्यार्थीको सरसफाइ र आचरणमा ध्यान दिने गरेको।

स्रोतः कक्षाकेन्द्र सर्वेक्षण फाराम -२०६७

### ४.१.१० बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमका सहभागीहरुको भर्ना

आधारभूत शिक्षामा वैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको योगदानको विश्लेषण गर्ने उद्देश्यले यहाँ सहभागीहरुको भर्ना स्थितिका प्राप्त तथ्याङ्कहरुलाई राखी विश्लेषण र व्याख्या गरिएको छ। यस क्रममा अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रमबाट औपचारिक विद्यालय शिक्षामा भर्ना भएका सहभागीहरुको स्थितिसमेत चित्रित गरिएको छ। यहाँ सञ्चालन भइसकेका २ ओटा अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम तथा हाल सञ्चालनमा रहेका ७ पुराना र ४ नयाँ प्राथमिक शिक्षा विस्तार कार्यक्रममा भर्ना भएका सहभागीहरुको लिङ्गगत, जातिगत, उमेरगत तथा तहगत आधारमा भर्नाको स्थिति विश्लेषण गरिएको छ।

#### ४.१.१०.१ अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रमका सहभागीहरुको भर्ना

आधारभूत शिक्षामा बैकल्पिक विद्यालय शिक्षाको प्रभावकारिता अध्ययन गर्दा कक्षाकेन्द्रमा अध्ययनरत सहभागीहरुको औपचारिक विद्यालय शिक्षामा प्रवेशको योगदान हेर्नका लागि अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रमका २ ओटा कक्षाकेन्दहरुको अध्ययन गरिएको छ। दुबै केन्द्रहरु ग्रामीण भेगमा सञ्चालन भएका थिए भने गुराँसे अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रममा निर्धारित २० संख्याको सट्टा १० मात्र छ। पुरुषको संख्या १२ रहेको छ भने

महिलाको अपेक्षकृत १८ रहेको छ। उमेरका हिसावले ९ देखि १४ बर्षसम्म रहेको छ। तह पूरा गरी औपचारिक विद्यालय शिक्षामा पढाइलाई निरन्तरता ३० जनाले नै दिएको पाइन्छ। कक्षाकेन्द्रको नाम, सहभागी विवरण, लिङ्गगत विवरण, उमेरगत विवरण तथा तह पूरा गरिसकेपछि सम्बन्धित मातृ विद्यालयमा भर्नाको स्थिति  तालिका नं.३ मा दिइएको छ।

तालिका : ३ अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रमका कक्षाकेन्द्रका सहभागी

| क्र. सं. | केन्द्रको नाम | सहभागी संख्या | लिङ्ग | | उमेर वर्ष | | | | | | तह/ कक्षा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पु | म | ९ | १० | ११ | १२ | १३ | १४ | ५ | ६ |
| १ | राम अ.प्रा.शि.का. | २० | ८ | १२ | २ | ६ | ३ | ३ | ५ | | २ | १८ |
| २ | गुराँसे अ.प्रा.शि.का. | १० | ४ | ६ | १ | १ | २ | ३ | १ | २ | ४ | ६ |

स्रोतः कक्षाकेन्द्र सर्वेक्षण फाराम -२०६७

केन्द्रमा महिला सहभागिता अधिक हुनुबाट ग्रामीण भेगमा बालिका प्रतिको शैक्षिक सोचको परिवर्तनको प्रतिनिधित्व गरेको छ। उमेरका हिसावले १४ बर्ष उमेरकासमेत सहभागिता हुनु पहुँचका लागि राम्रो अवसरको संकेत हो। अ.प्रा.शि.का.को तह पूरा गरेपछि सामान्यत कक्षा ६ मा भर्ना हुनु पर्नेमा ६ जनाले कक्षा ५ मा भर्ना लिएको देखिएकाले पढाइको स्तर त्यति सन्तोषजनक नभएको देखाउँछ। तर सबै सहभागीहरुले पढाइलाई निरन्तरता दिनु कार्यक्रमको लक्ष्य मुताविकको सफलता प्राप्त भएको मानिन्छ।

## ४.१.१०.२ प्राथमिक शिक्षा विस्तार कार्यक्रमका सहभागीहरुको भर्ना

अध्ययनको लागि छनौट गरिएका ११ ओटा प्रा.शि.वि.का.मा लक्ष्यित समूहका बालवालिकाहरुको भर्ना स्थिति केन्द्रगतरुपमा सहभागी संख्या, लिङ्गगत, उमेरगत तथा तहगतरुपमा के कस्तो छ भन्ने विवरण तलका ग्राफचार्टमा उल्लेख गरिएको छ। प्राथमिक शिक्षा विस्तार कार्यक्रमको कक्षाकेन्द्रका सहभागी लिङ्ग, उमेर र तहगत विवरण अनुसूची ३ ङ मा राखिएको छ।

चित्र : ८ सहभागीहरुको लिङ्गगत विवरण




स्रोत: कक्षाकेन्द्र सर्वेक्षण फाराम -२०६७

केन्द्रमा निर्धारित संख्या २२० हुनु पर्नेमा १९६ मात्र भएको छ। पुरुषको संख्या १०२ र महिलाको संख्या ९४ मात्र हुनुले यस कार्यक्रमले पनि बालिकाहरुको पहुँच अझै दुरुह भएको संकेत गर्छ।

चित्र : ९ सहभागीहरुको उमेरगत विवरण




स्रोत: कक्षाकेन्द्र सर्वेक्षण फाराम -२०६७

विद्यालय उमेर भन्दा कम उमेरका अर्थात् ४ बर्षका बालालिकाहरुको भर्ना संख्या पनि १४ जनाको छ। यसले केन्द्र प्रतिको अभिभावकहरुको आकर्षण देखिए तापनि अन्ततः कक्षा

छाड्ने वा दोहोऱ्याउने संख्या बढ्न जान्छ । ९, १०, ११ बर्षका बालवालिकाहरु पनि केन्द्रमा भर्ना हुन आएका छन् । यिनीहरुले पढाइलाई निरन्तरता दिने कम संभावना छ ।

### ४.१.१०.३ प्राथमिक शिक्षा विस्तार कार्यक्रमका सहभागीको जातिगत भर्ना

बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमले मूलतः दलित, जनजाति र विपन्न वर्गका बालवालिकाहरुको पहुँचलाई सुनिश्चित गर्ने ध्येय भएकाले कक्षाकेन्द्रहरुमा अध्ययनरत बालवालिकाहरुको जातिगत सहभागिता कस्तो रहेको छ भनी विश्लेषण गर्ने सन्दर्भमा सहभागीहरुको जातिगत विवरण तलको ग्राफचार्टमा प्रस्तुत गरिएको छ । कक्षाकेन्द्रका सहभागीहरुको जातिगत विवरण अनुसूची ३ छ मा राखिएको छ ।

चित्र : १० सहभागीहरुको जातिगत विवरण




स्रोतः कक्षाकेन्द्र सर्वेक्षण फाराम -२०६७

जम्मा १९६ जना सहभागीहरु भर्ना भएका मध्ये दलितहरुको संख्या १८, जनजातिको १२१ र अन्यको ५७ रहेको छ । कार्यक्रमले लिएको लक्ष्य मुताविक अन्यको भन्दा दलित र जनजातिको संख्या बढी हुनुमा कार्यक्रम लक्ष्यित समूह केन्द्रित भएको छ ।

### ४.१.११ आधारभूत शिक्षामा बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको योगदान

यहाँ विभिन्न सरोकारवालाहरुसँग लिइएको अन्तरवार्ता / प्रश्नावलीबाट प्राप्त प्रतिक्रियाका आधारमा आधारभूत शिक्षामा बैकल्पिक विद्यालय शिक्षाको योगदानको चर्चा गरिएको छ।

सहभागीले किताव, कपी पाउने र घरको काम गर्न भ्याउने भएको, बाबुआमा र शिक्षिकाले पढ्न प्रेरित गरेको र घरमा २/३ घण्टा पढ्नमा लगाउने गरेको र पढाइमा बाबुआमाले सहयोग गर्ने गरेको। सहभागीहरु अनुकूल पढाइको समय भएको। अभिभावकहरुले भेलाका वेला छलफलमा भाग लिई आवश्यक सहयोग पनि गर्ने गरको। आफ्नो बच्चालाई नियमित कक्षामा पठाउने गरेको र घरमा पढे नपढेको हेर्ने तथा पढ्ने फुर्सद दिएको।

कक्षाकेन्द्र व्यवस्थापन समितिका पदाधिकारीहरुले बैठक नियमित बसी केन्द्रमा आइपरेका समस्या समाधान गर्ने गरेको, भवन/कोठा उपलब्ध गराएको तथा खानेपानी /शौचालय व्यवस्था गरिदिएको जस्ता कक्षाकेन्द्रलाई सहयोग उपलव्ध गराएको। कक्षा व्यवस्थापन गर्न स्थानीय अभिभावक र समुदायबाट सहयोग जुटाउने गरेको र जि.शि.का. बाट प्राप्तहुने सुविधा उपलब्ध गराउने जस्ता सहयोग जुटाउने गरेको साथै कक्षा राम्ररी सञ्चलन गराउन स.का.ले बोलाएको बैठक/भेलामा उपस्थित भई समस्या समाधान गर्न सहयोग गर्ने गरेको, विद्यार्थीलाई नियमित गराउन अभिभावकलाई सम्झाउने गरेको जस्ता कार्यहरु गर्दै आएको।

मातृ विद्यायलका प्र.अ.हरुले कार्यक्रमले लक्ष्यित बर्ग (गरीव, दलित, जनजाति र विभिन्न कारणले विद्यालय जान नपाएका) लाई समेट्सकेको, मातृ विद्यालयले कक्षाकेन्द्र स्थापनाका लागि सिफारिस, कक्षाकेन्द्र व्यवस्थापन समिति गठन र सहभागिता, सहयोगी कार्यकर्ताको पारिश्रमिक माग र भुक्तानी, सहयोगी कार्यकर्ताले चासो राखेका शिक्षण सिकाइका प्रक्रियामा प्रविधिक सहयोग, बेलाबेलामा निरीक्षण अनुगमन, परीक्षा व्यवस्थापन तथा सञ्चालनमा सहयोग एवम् अभिलेख व्यवस्थापनमा सहयोग जस्ता कार्यहरुमा सहयोग गरेको। सहयोगी कार्यकर्ता र सहभागीहरुको नियमितताको बेलाबखतमा अनुगमन गर्ने गरेको, कक्षाकेन्द्रको तह पूरा भएपछि विद्यालय भर्नाको लागि पहल गरेको, भौतिक सुविधा विस्तारका लागि सहयोग र समन्वय गरेको, तथा कक्षाकेन्द्रबाट विद्यालयमा आएका विद्यार्थीहरुको छुट्टै अभिलेख राखी तुलनात्मक अध्ययन गरी सुधारका लागि प्रयास गरेको।

सहयोगी कार्यकर्ताले पढाउँदा परेको कठीनाइ अथवा समस्याहरू क्रियाकलाप निर्माणमा, कक्षा क्रियाकलाप सञ्चालनमा, विधिहरुको छनौटमा तथा मूल्याङ्कन गर्न मातृ विद्यालयका शिक्षकहरुको तथा कहिलेकाही स्रोतव्यक्ति/वि.नि. को सहयोग लिने गरेको मूल्याङ्कन अथवा परीक्षाका लागि मातृ विद्यालयको परीक्षाको अनुसरण गर्ने गरेको । जानेको जति अभिलेख राखेको । अभिभावकबाट नियमित बच्चा पठाउन, पढाइ सामग्री उपलब्ध गराएर, सरसफाइमा तथा बैठकमा भाग लिएर जस्ता सहयोग केन्द्रलाई प्राप्त भएको । कक्षाकेन्द्र व्यवस्थापन समितिले भौतिक सुविधा जुटाउन तथा बैठकमा सहभागी भई समस्या समाधान गर्न सहयोग पुऱ्याएको । कार्यक्रम अवधिभरमा जि.शि.का. बाट २/३ पटक निरीक्षण भएको ।

स्रोतव्यक्तिहरुले कार्यक्रम सञ्चालनका लागि स्रोतव्यक्ति, केन्द्र व्यवस्थापन समिति र गा.वि.स. सचिवले सिफारिस गर्नेगरको र कोटा वितरण स्रोतव्यक्तिको सिफारिसमा लक्ष्यित बर्गको माग अनुसार हुनेगरेको, यस कार्यक्रमले लक्ष्यित बर्गका बालबालिकाहरूलाई मूलधारमा ल्याउन सहयोग पुऱ्याएको, विद्यालय र शिक्षा प्रति अभिभावक र विद्यार्थीको सकारात्मक सोचको विकास भएको, गुमेको पढ्ने अवसर विद्यार्थीहरूलाई पुनः प्राप्त भएको तथा आर्थिक रुपमा शिक्षाको लागत व्यहोर्न थोरबहुत सहयोग पुगेको । अन्तरवार्ता र प्रश्नावलीको लागि शोधिएका प्रश्नहरु अनुसुचि ५ र ६ मा र सरोकारवालाहरुलाई सोधिएका प्रश्नका उत्तरहरु अनुसूचि ७ मा राखिएको छ ।

आधारभूत शिक्षामा बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको योगदानको विश्लेषण गर्दा कक्षाकेन्द्रहरु सुविधाविहिनहरुको पहुँच होस् भनी खोलिएको पाइन्छ । कक्षाकेन्द्रमा हुनुपर्ने संख्याको मानकका हिसावले सहभागीहरुको भर्ना नभएको देखिन्छ । अभिभावकको पेशालाई हेर्दा विपन्न बर्गका बालवालिकाहरु नै यस कार्यक्रममा समावेश भएको पाइन्छ । कक्षाकेन्द्रको भौतिक अवस्था सामान्य रहेको पाइन्छ । जिल्ला शिक्षा कार्यालयबाट प्रदान गरेको सेवा, सुविधा पर्याप्त नभएको देखिन्छ । सबै कक्षा केन्द्र व्यवस्थापन समितिले आफ्नो केन्द्रलाई धेरथोर जे जस्तो भए पनि भवन, बस्ने फर्निचर/सुकुल, चकटी, सिकाइका लागि सामग्री, सहभागीको नियमितता, अभिभावक भेटघाट र आवश्यक विषयमा छलफल तथा खानेपानी, शौचालय, घेराबारा आदि बाह्रय वातावरणको व्यवस्थापनमा सहयोग

पुऱ्याएको । साथै सम्बन्धित सरोकारवालाहरुसँगको समन्वयमा भूमिका खेलेको पाइन्छ । अभिभावककहरूबाट विद्यार्थी नियमितता, पढाइमा सहयोग र समाग्री व्यवस्था, पढाइमा चासो, भेलामा सहभागिता, विद्यार्थीको सरसफाइ र आचरणमा ध्यान दिने जस्ता सहयोग प्रदान गरेको पाइन्छ ।

मातृ विद्यालयले कक्षाकेन्द्र स्थापनाका लागि सिफारिस, कक्षाकेन्द्र व्यवस्थापन समिति गठन र सहभागिता, सहयोगी कार्यकर्ताको पारिश्रमिक माग र भुक्तानी, परीक्षा व्यवस्थापन तथा सञ्चालनमा सहयोग एवम् अभिलेख व्यवस्थापनमा सहयोग जस्ता कार्यहरुमा सहयोग गरेको । बेलाबखतमा जिल्ला शिक्षा कार्यालयबाट निरीक्षण, अनुगमन गरी प्रविधिक सहयोग पुऱ्याउने गरेको । यस कार्यक्रमले लक्ष्यित बर्गका बालबालिकाहरूलाई मूलधारमा ल्याउन सहयोग पुऱ्याएको, विद्यालय र शिक्षा प्रति अभिभावक र विद्यार्थीको सकारात्मक सोचको विकास भएको, गुमेको पढ्ने अवसर विद्यार्थीहरूलाई पुनः प्राप्त भएको तथा आर्थिक रुपमा शिक्षाको लागत व्यहोर्न थोरबहुत सहयोग पुगेको ।

सहभागी छनौटका आधारहरुमा सबै सहभागीहरुको गरीवी, दलित, जनजाति तथा थोरै संख्याले विद्यालय जान नपाएका आदिलाई लिइएको, कोटा निर्धारणका आधारहरू स्थानीय तहमा जिल्लाको निर्देशनमा दलित र जनजातिलाई लक्ष्य गरी निर्धारण गर्ने तथा जिल्ला तहमा योजना र सर्वेक्षणका आधारमा सरोकारवालहरुको माग बमोजिम जिल्ला अनौपचारिक शिक्षा समितिको निर्णयलाई आधार लिइएको ।

## ४.२ बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको उपलब्धि विश्लेषण

आधारभूत शिक्षामा बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको उपलब्धि विश्लेषण गर्ने क्रममा ११ ओटै केन्द्रका सहभागीहरुको कक्षा छाड्ने दर र उपस्थिति दर, उत्तीर्ण दर, विषयगत औषत उपलब्धि दर आदिको तथ्याङ्कका आधारमा अध्ययन एवम् विश्लेषण गर्ने काम यहाँ गरिएको छ । साथै भौगालिक क्षेत्र र सामाजिक संरचना फरक भएका दुई केन्द्रका सहभागीहरुको कक्षा छाड्ने दर र उपस्थिति दर, उत्तीर्ण दर, विषयगत औषत उपलब्धि दर आदि तथ्याङ्कका आधारमा तुलनात्मक अध्ययन गर्ने काम यहाँ गरिएको छ । सरोकारवालाहरुबाट प्राप्त सूचनाहरुलाईसमेत उपलब्धि विश्लेषणमा समावेश गरिएको छ ।

### ४.२..१ सहभागी नियमितताको स्थिति

अध्ययनका लागि छनौट गरिएका ११ ओटा प्राथमिक शिक्षा विस्तार कार्यक्रमका विद्यार्थीहरुको नियमितताको अध्ययन र विश्लेषण गर्ने कार्य यहाँ गरिएको छ । कूल १६२ सहभागीहरुको अधिकतम १६० र न्यूतम १४९ औषत उपस्थिति रहेको देखिन्छ । त्यस्तै कक्षाकेन्द्र खुलेको दिन अधिकतम १९८ दिनदेखि न्यूनतम १७८ दिनसम्म पाइन्छ । औषत उपस्थिति प्रतिशत पनि अधिकतम ८८ र न्यूनतम ७७ रहेको छ । कक्षाकेन्द्रका सहभागीहरुको संख्या, कक्षा छाड्ने दर, औषत उपस्थिति र औषत उपस्थिति प्रतिशत एवं जम्मा कक्षाकेन्द्र खुलेको दिनको विवरण अनुसूची ४ क मा तथा तलको बारग्राफमा प्रस्तुत गरिएको छ ।

चित्र : ११ कक्षाकेन्द्रका सहभागीहरुको उपस्थिति तथा कक्षा छाड्ने दरको विवरण




स्रोत: कक्षाकेन्द्र सर्वेक्षण फाराम -२०६७

शुरु भर्ना भएका कूल १६२ सहभागीहरु मध्ये बसाईंसराई लगायतका अन्य कारणले कक्षाकेन्द्र छाड्ने सहभागीहरुको संख्या ३४ रहेको छ । प्राथमिक शिक्षा विस्तार कार्यक्रममा अध्यापन गरिने पाठ्यक्रम तथा पाठ्यपुस्तकहरु औपचारिक विद्यालय शिक्षाको कक्षा १, २ र ३ सरह नै हो । यसर्थ पढाउने समय र साप्ताहिक पाठ्यभारमा समेत खासै अन्तर गरिदैन र बर्षभरिमा कक्षाकेन्द्र खुल्ने दिन २२० दिन हो र पढाउने समय १९२ दिन । यस व्यवस्था अनुसार विश्लेषण गर्दा कक्षाकेन्द्र खुल्ने दिन न्यून देखिन्छ । त्यसमा पनि विद्यार्थीहरुको औषत उपस्थिति अझ कम छ । त्यसैले निर्धारित पाठ्यभार र सिकाइ समय कम भई

कक्षाकेन्द्रको पढाइमा गहिरो प्रभाव परेको छ । जसले गर्दा नियमिततामा कमी आई गुणस्तरमा प्रभाव परेको छ ।

### ४.२.२ सहभागी उत्तीर्ण दरको स्थिति

शुरु भर्ना भएका सहभागीहरुको टिकाउपन र तह उत्तीर्णको स्थिति विश्लेषण गर्न २०६५ सालमा खुलेका ७ ओटा केन्द्रहरुको पहिलो तह र दास्रो तहको उत्तीर्ण प्रतिशत र २०६६ सालमा खोलिएका ४ केन्द्रहरुको पहिलो तहको उत्तीर्ण प्रतिशतलाई आधार लिइएको छ । पहिलो तहको परीक्षामा सहभागी नभई केन्द्र छाड्ने सहभागीहरुको विवरण पनि समावेश गरिएको छ । कक्षाकेन्द्रका सहभागीहरुको तह उत्तीर्ण दरलाई अनुसूची ४ ख मा र तलको ग्राफबारमा प्रस्तुत गरिएको छ ।

चित्र : १२ कक्षाकेन्द्रका सहभागीहरुको उत्तीर्ण दर




स्रोत: कक्षाकेन्द्र सर्वेक्षण फाराम -२०६७

शैक्षिक उपलब्धि दरका आधारमा विश्लेषण गर्दा नयाँ तथा पुराना दुबै केन्द्रहरुको पहिलो तहमा अधिकतम ५८ र न्यूनतम ४१ प्रतिशत छ । पुराना ७ केन्द्रहरुको औषत उपलब्धि दर ५१.७ र नयाँ ४ केन्द्रको ४८.८ प्रतिशत औषत उपलब्धि दर देखिन्छ । पुराना ७ ओटा केन्द्रहरुको ०६५ र ०६६ सालको शैक्षिक उपलब्धि दरको तुलना गर्दा कूल औषतमा ५१.७ बाट बढेर ५४ प्रतिशत पुगेको छ । यो सकारात्मक सूचक हो । तथापि समष्टिमा मध्यम

स्तरको उपलव्धि दर हासिल भएको छ । यसर्थ केन्द्रहरुमा पढाइको स्तर न्यून भएको पाइन्छ ।

### ४.२.३ सहभागीहरुको विषयगत औषत उपलब्धि दरको स्थिति

कक्षाकेन्द्रहरुमा अध्ययनरत सहभागीहरुको मूल तीन विषयहरुको तथ्याङ्कलाई विषयगत औषत उपलव्धि दरको आधार लिइएको छ । केन्द्रका सहभागीहरुको नेपाली, अंग्रेजी र गणित विषयको विषयगत औषत प्राप्ताङ्कको विवरण अनुसूची ४ ग मा र तलको बारग्राफमा प्रस्तुत गरिएको छ ।

चित्र : १३ सहभागीहरुको विषयगत औषत उपलब्धि विवरण




स्रोतः कक्षाकेन्द्र सर्वेक्षण फाराम -२०६७

विषयगत औषत उपलव्धि दरको आधारमा हेर्दा नेपाली विषयमा अधिकतम ६२ र न्यूनतम ३८ एवम् औषतमा ४८.५ मात्र छ । अंग्रेजीमा अधिकतम ६५ र न्यूनतम ४१ एवम् औषतमा ४८.२ रहेको छ । भाषा विषयहरुमा अंग्रेजीको तुलनामा नेपाली विषयको उपलव्धि केही सुधारात्मक छ । तथापि यो उपलव्धि राम्रो भने होइन । गणितको भने औषतमा ५३.८ प्रतिशत छ । अपेक्षाकृत गणितमा उपलव्धि दर राम्रो पाइएको छ । समष्टिमा विषयगत उपलव्धि दर सन्तोषजनक छ ।

## ४.२.४ दुई केन्द्रहरु वीच तुलनात्मक अध्ययन

आधारभूत शिक्षामा बैकल्पिक विद्यालय शिक्षाको प्रभावकारिता अध्ययनलाई बढी बस्तुगत बनाउने क्रममा भौगालिक क्षेत्र र सामाजिक संरचना फरक भएका दुई केन्द्रहरु फूलबारी प्राथमिक शिक्षा विस्तार कार्यक्रम मौनाबुधुक -४ र छिन्ताङ्ग प्राथमिक शिक्षा विस्तार कार्यक्रम छिन्ताङ्ग -९ का केन्द्रका सहभागीहरुको कक्षा छाड्ने दर र उपस्थिति दर, उत्तीर्ण दर, विषयगत औषत उपलब्धि दर आदि तथ्याङ्कका आधारमा तुलनात्मक अध्ययन गर्ने काम यहाँ गरिएको छ । यससँग सम्बन्धित विवरण अनुसूची ४ (घ देखि झ सम्म) मा समावेश गरिएको छ ।

सहभागीहरुको तुलनात्मक उपस्थिति तथा कक्षा छाड्ने दरको स्थितिलाई हेर्दा फूलबारी प्राथमिक शिक्षा विस्तार कार्यक्रमका सहभागीहरुमा जातिगत हिसावले दलित र जनजातिको संख्या उल्लेख्य छ भने छिन्ताङ्गमा अन्य जातिको संख्या बढी छ । दुबै केन्द्रहरु अपेक्षकृत बढी दिन खुलेको पाइन्छ । त्यसमा पनि छिन्ताङ्ग प्राथमिक शिक्षा विस्तार केन्द्र ३ दिन बढी खुलेको पाइन्छ । सहभागीको उपस्थितिमा फुलबारी केन्द्रको भन्दा छिन्ताङ्ग केन्द्रको बढी छ । औषत उपस्थिति र प्रतिशत पनि छिन्ताङ्ग केन्द्रकै बढी छ । यसर्थ उपस्थितिका तुलनात्मक अध्ययन गर्दा छिन्ताङ्ग केन्द्रको स्थिति मजबुत देखिएको छ ।

सहभागीहरुको तुलनात्मक कक्षा छाड्ने दर फूलबारी प्राथमिक शिक्षा विस्तार कार्यक्रमका सहभागीहरु मध्ये दलित परिवारका दुई जना बालक र अन्य परिवारकी एकजना बालिकाले केन्द्र छाडेको पाइन्छ । त्यसैगरी छिन्ताङ्ग प्राथमिक शिक्षा विस्तार कार्यक्रमका सहभागीहरु मध्ये माझी परिवारकी एकजना बालिकाले केन्द्र छाडेको पाइन्छ । एउटा केन्द्रमा २० सहभागी हुनु पर्नेमा दुबै केन्द्रमा १५/१५ जना बालवालिका भर्ना भएको पाइन्छ । निर्धारित कोटाका आधारमा १४ जना बालवालिकाको अवसर गुमेको भएता पनि भर्ना भएको संख्याका आधारमा हेर्दा कक्षा छाड्नेको संख्या त्यति उल्लेख्य छैन । दलित र सीमान्तकृत सहभागीकै बाहुल्यता कक्षा छाड्नेमा पर्नु भने त्यति राम्रो सूचक होइन ।

सहभागीहरुको तुलनात्मक उत्तीर्ण दर अथवा शैक्षिक उपलब्धि दरका आधारमा विश्लेषण गर्दा फूलबारी प्राथमिक शिक्षा विस्तार कार्यक्रमका सहभागीहरुको पहिलो तहमा अधिकतम

६५ र न्यूनतम ४७ प्रतिशत छ । सो केन्द्रको औषत उपलब्धि दर ५५ प्रतिशत रहेको छ । दोस्रो तहमा अधिकतम ७५ र न्यूनतम ५० प्रतिशत छ । साथै औषत उपलब्धि दर ६१ प्रतिशत रहेको छ । छिन्ताङ्ग प्राथमिक शिक्षा विस्तार कार्यक्रमका सहभागीहरुको पहिलो तहमा अधिकतम ८८ र न्यूनतम ३४ प्रतिशत छ । सो केन्द्रको औषत उपलब्धि दर ५८ प्रतिशत रहेको छ । दोस्रो तहमा अधिकतम ८७ र न्यूनतम ४१ प्रतिशत छ । साथै औषत उपलब्धि दर ६२ प्रतिशत रहेको छ । दुबै केन्द्रहरुको ०६५ र ०६६ सालको शैक्षिक उपलब्धि दरको तुलना गर्दा कूल औषतमा बृद्धि भई क्रमशः ५८ बाट ६२ र ५५ बाट ६१ पुगेको छ । यो सकारात्मक सूचक हो । समष्टिमा मध्यम स्तरको उपलब्धि दर हासिल भएको छ । यसर्थ केन्द्रहरुमा पढाइको स्तर न्यून भएको पाइन्छ ।

दुबै केन्द्रको विषयगत उपलब्धिको तुलना गर्दा फूलबारी केन्द्रको भन्दा छिन्ताङ्ग केन्द्रको उपलब्धि उच्च छ । छिन्ताङ्ग केन्द्रका सहभागीहरुले प्राप्त गरेको अंकमा चर ठूलो छ र बढी विश्वसनीय छ । फूलबारी केन्द्रको भने ५० प्रतिशत भन्दा तल र चर सानो छ । सबै सहभागीहरुले औषतमा अंक पाएका छन् । यसले औपचारिकताको मात्र पुष्टि गरेको छ । साथै विषयगत शैक्षिक उपलब्धि पनि न्यून छ ।

## ४.२.५ बैकल्पिक विद्यालय शिक्षा कार्यक्रम अन्तर्गत केन्द्रको उपलब्धि

यहाँ विभिन्न सरोकारवालाहरुले अन्तर्वार्ता/प्रश्नावलीमार्फत् दिएको प्रतिक्रियाका आधारमा बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमका केन्दहरुको उपलब्धि विश्लेषण गरिएको छ । अन्तरवार्ता र प्रश्नावलीको लागि शोधिएका प्रश्नहरु अनुसुचि ५ र ६ मा र सरोकारवालाहरुलाई सोधिएका प्रश्नका उत्तरहरु अनुसूचि ७ मा राखिएको छ ।

कक्षाकेन्द्रका सहभागीहरुका प्रतिक्रिया अनुसार उनीहरुलाई स.का.ले रमाइलो तरिकाले सिकाउने हुनाले शिक्षिकाको व्यवहार राम्रो भएको बताए । राम्रो, ठिकै अंक ल्याएर तह उत्तीर्ण गर्ने गरेको । सहभागीहरु तह पूरा गरेपछि विद्यालयमा भर्ना हुने इच्छा व्यक्त गरेको । अभिभावकहरुको भनाई अनुसार आफ्ना छोराछोरी कक्षामा पढ्न जानथाले पछि पढाइप्रति उत्साही र संधै कक्षामा जान तम्सने जस्ता व्यवहारमा परिवर्तन आएको । मायालु पाराले

पढाउने सहयोगी कार्यकर्ताको व्यवहार अभिभावकलाई मन परेको । यस कार्यक्रमबाट सहभागीले छिटो सिक्ने अवसर पाउने, पढाइको समयमा कम लाग्ने, स्कूल भन्दा केन्द्र आउन जान सजिलो हुने तथा आफ्नो टोलमा स्कूल (केन्द्र) हुँदा खुसी व्यक्त गरेको पाईयो ।

सहभागी नियमित रुपमा आउने गरेको विद्यालय र शिक्षा प्रति अभिभाबक तथा विद्यार्थीहरूमा सकारात्मक सोचको विकास भएको, शिक्षाको अवसरबाट बञ्चित बालबालिकाहरूलाई पुनः अवसर प्रदान गरेको, शिक्षाको लागत (खर्च) व्यहोर्न सहयोग पुगेको तथा लक्ष्यित बर्ग केन्द्रित गरी कार्यक्रम चलेको । शिक्षामा पछिपरेका बर्गको उत्थानका रुपमा कार्यक्रम आएको, केहिमात्रमा भएपनि चेतना बृद्धि गर्न सहयोग पुगेको आपसी सहयोग र सहकार्य गर्ने अवसर प्राप्त भएको तथा केटाकेटीहरूको पढाइमा निरन्तरता दिन सहयोग मिलेको जस्ता प्रभाव यस कार्यक्रमले समाजमा पारेको कक्षाकेन्द्र व्यवस्थापन समितिको भनाई रहेको छ ।

लक्ष्यित वर्गलाई केही मात्रमा भए पनि राहत पुगेको, साक्षरता बृद्धि भएको, कुनै कक्षाकेन्द्र विद्यालयमा परिणत पनि भएका । बालवालिकाहरुले अन्जानमै भए पनि पढाइलाई निरन्तरता दिएका जस्ता प्रतिक्रिया मातृ विद्यालयका प्र.अ.हरुको रहेको । केही सहभागीले सँधै गृहकार्य गर्ने गरेको, सहभागीको व्यवहारमा पढ्न र लेख्न ध्यान दिन थालेका, बानी व्यहोरा सुध्रिएको, बोलीचालीमा सुधार आएको र सरसफाइमा ध्यान दिन थालेका जस्ता परिवर्तन आएको स.का.को प्रतिक्रिया रहेको । लक्ष्यित बर्गका बालबालिकाहरूलाई मूलधारमा ल्याउन सहयोग पुऱ्याएको, विद्यालय र शिक्षा प्रति अभिभावक र विद्यार्थीको सकारात्मक सोचको विकास भएको, गुमेको पढ्ने अवसर विद्यार्थीहरूलाई पुनः प्राप्त भएको तथा आर्थिक रुपमा शिक्षाको लागत व्यहोर्न थोरबहुत सहयोग पुगेको भन्ने प्रतिक्रिया स्रोतव्यक्तिहरुको रहेको ।

प्रश्नावलीहरुबाट प्राप्त साझा प्रतिक्रिया असल विद्यार्थी उत्पादनमा सहयोग, साक्षरतामा बृद्धि, सहयोगी कार्यकर्ता नियमित हुनु, शिक्षाको मूल धारमा ल्याउनु, आधारभूत शिक्षामा थप बल पुग्ने, विद्यालयमा भर्ना हुन पाउने, असल विद्यार्थी उत्पादनमा सहयोग, साक्षरतामा बृद्धि, शिक्षामा पहुँच ल्याउने प्रयास राम्रो, सहयोगी कार्यकर्ता नियमित हुनु, सम्बन्धित मातृ विद्यालयलाई थप शिक्षकको सहयोग प्राप्त हुनु, विद्यालय बाहिरकालाई शिक्षाको मूल धारमा

ल्याउनु, जिल्लालाई प्राप्त अवसरलाई लक्ष्यित समूहका हितमा प्रयोग गर्ने, आधारभूत शिक्षामा थप बल पुग्ने, जनचेतनामा बल पुग्ने, कक्षाकेन्द्रमा तह ३ पुरा गरेपछि सोझै कक्षा ४ वा ६ मा भर्ना हुन पाउने, विद्यालयको विकल्पमा कक्षाकेन्द्र सहजै स्थापना हुने र सेवा प्राप्त हुने आदि उपलब्धिका रुपमा प्राप्त भएका छन् ।

आधारभूत शिक्षामा बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमको उपलब्धि विश्लेषण गर्दा शुरु भर्ना भएका कूल १६२ सहभागीहरु मध्ये बसाईंसराई लगायतका अन्य कारणले कक्षाकेन्द्र छाड्ने सहभागीहरुको संख्या ३४ रहेको छ । कक्षाकेन्द्र खुल्ने दिन न्यून देखिन्छ । त्यसमा पनि विद्यार्थीहरुको औषत उपस्थिति अझ कम छ । त्यसैले निर्धारित पाठ्यभार र सिकाइ समय कम भई कक्षाकेन्द्रको पढाइमा गहिरो प्रभाव परेको छ । जसले गर्दा नियमिततामा कमी आई गुणस्तरमा प्रभाव परेको छ ।

शैक्षिक उपलब्धि दरका आधारमा विश्लेषण गर्दा केन्द्रहरुको ०६५ सालको तुलनामा ०६६ सालको शैक्षिक उपलब्धि दर बढेको छ । तथापि समष्टिमा मध्यम स्तरको उपलब्धि दर हासिल भएको छ । यसर्थ केन्द्रहरुमा पढाइको स्तर न्यून भएको पाइन्छ । विषयगत औषत उपलब्धि दरको आधारमा हेर्दा भाषा विषयहरुमा अंग्रेजीको तुलनामा नेपाली विषयको उपलब्धि केही सुधारात्मक छ । तथापि यो उपलब्धि राम्रो भने होइन । गणितको भने औषतमा ५३.८ प्रतिशत छ । अपेक्षाकृत गणितमा उपलब्धि दर राम्रो पाइएको छ । समष्टिमा विषयगत उपलब्धि दर सन्तोषजनक छ ।

दुई केन्द्रहरुको तुलनात्मक अध्ययन गर्दा सहभागीहरुको तुलनात्मक उपस्थिति दरको स्थितिलाई हेर्दा दुबै केन्द्रहरु अपेक्षकृत बढी दिन खुलेको पाइन्छ । सहभागीको उपस्थितिमा फूलबारी केन्द्रको भन्दा छिन्ताङ्ग केन्द्रको बढी छ । औषत उपस्थिति र प्रतिशत पनि छिन्ताङ्ग केन्द्रकै बढी छ । यसर्थ छिन्ताङ्ग केन्द्रको स्थिति मजबुत देखिएको छ । फूलबारी प्राथमिक शिक्षा विस्तार कार्यक्रमका सहभागीहरुमा जातिगत हिसावले दलित र जनजातिको संख्या उल्लेख्य छ भने छिन्ताङ्गमा अन्य जातिको संख्या बढी छ । सामाजिक संरचनाको विविधताको प्रभाव यसमा देख्न सकिन्छ । कक्षा छाड्ने दरको सम्वन्धमा एउटा केन्द्रमा २० सहभागी हुनु पर्नेमा दुबै केन्द्रमा १५/१५ जना बालवालिका भर्ना भएको पाइन्छ भने

फूलबारी केन्द्रबाट ३ र छिन्ताङ्ग केन्द्रबाट १ जनाले केन्द्र छाडेका छन् । निर्धारित कोटाका आधारमा १४ जना बालवालिकाको अवसर गुमेको भएता पनि भर्ना भएको संख्याका आधारमा हेर्दा कक्षा छाड्नेको संख्या त्यति उल्लेख्य छैन । दलित र सीमान्तकृत बर्गका सहभागीकै बाहुल्यता कक्षा छाड्नेमा पर्नु भने त्यति राम्रो मानिदैन ।

सहभागीहरुको तुलनात्मक उत्तीर्ण दर अथवा शैक्षिक उपलब्धि दर दुबै केन्द्रहरुको ०६५ र ०६६ सालको शैक्षिक उपलब्धि दर कूल औषतमा बृद्धि भएको पाइन्छ । यो सकारात्मक सूचक हो । तथापि समष्टिमा मध्यम स्तरको उपलब्धि दर हासिल भएको छ । यसर्थ केन्द्रहरुमा पढाइको स्तर न्यून भएको पाइन्छ । दुबै केन्द्रको विषयगत उपलब्धिको तुलना गर्दा फूलबारी केन्द्रको भन्दा छिन्ताङ्ग केन्द्रको उपलब्धि उच्च छ । छिन्ताङ्ग केन्द्रका सहभागीहरुले प्राप्त गरेको अंकमा चर ठूलो छ र बढी विश्वसनीय छ । फूलबारी केन्द्रको भने ५० प्रतिशत भन्दा तल र चर सानो छ । सबै सहभागीहरुले औषतमा अंक पाएका छन् । यसले औपचारिकताको मात्र पुष्टि गरेको छ । साथै विषयगत शैक्षिक उपलब्धि पनि न्यून छ ।

कक्षाकेन्द्रका सहभागीहरुलाई स.का.ले रमाइलो तरिकाले सिकाउने हुनाले शिक्षिकाको व्यवहार राम्रो भएको । सहभागीहरुले राम्रो, ठिकै अंक ल्याएर तह उत्तीर्ण गर्ने गरेका, प्रायः नियमित आउने गरेका, तह पूरा गरेपछि विद्यालयमा भर्ना हुने इच्छा व्यक्त गरेको साथै कक्षामा पढ्न जानथाले पछि पढाइप्रति उत्साही र संधै कक्षामा जान तम्सने जस्ता व्यवहारमा परिवर्तन आएको । यस कार्यक्रमबाट सहभागीले छिटो सिक्ने अवसर पाउने, पढाइको समयमा कम लाग्ने, स्कूल भन्दा केन्द्र आउन जान सजिलो हुने, विद्यालय र शिक्षा प्रति अभिभाबक तथा विद्यार्थीहरूमा सकारात्मक सोचको विकास  भएको, शिक्षाको अवसरबाट बञ्चित बालबालिकाहरूलाई पुनः अवसर प्रदान गरेको, शिक्षाको लागत (खर्च) व्यहोर्न सहयोग पुगेको तथा शिक्षामा पछिपरेका बर्गको  उत्थानका रुपमा कार्यक्रम आएको, केहिमात्रमा भएपनि चेतना बृद्धि गर्न सहयोग पुगेको आपसी सहयोग र सहकार्य गर्ने अवसर प्राप्त भएको तथा केटाकेटीहरूको पढाइमा निरन्तरता दिन सहयोग मिलेको जस्ता प्रभाव यस कार्यक्रमले समाजमा पारेको ।

केही सहभागीले सँधै  गृहकार्य गर्ने गरेको सहभागीको व्यवहारमा पढ्न र लेख्न ध्यान दिन थालेका, बानी व्यहोरा सुधिएको, बोलीचालीमा सुधार आएको र सरसाफाइमा ध्यान दिन थालेका जस्ता परिवर्तन आएको । लक्ष्यित बर्गका बालबालिकाहरूलाई मूलधारमा ल्याउन सहयोग पुऱ्याएको, विद्यालय र शिक्षा प्रति अभिभावक र विद्यार्थीको सकारात्मक सोचको विकास भएको, गुमेको पढ्ने अवसर विद्यार्थीहरूलाई पुनः प्राप्त भएको तथा आर्थिक रुपमा शिक्षाको लागत व्यहोर्न थोरबहुत सहयोग पुगेको, असल विद्यार्थी उत्पादनमा सहयोग, साक्षरतामा बृद्धि, सहयोगी कार्यकर्ता नियमित हुनु, आधारभूत शिक्षामा थप बल पुग्ने, विद्यालयमा भर्ना हुन पाउने, जिल्लालाई प्राप्त अवसरलाई लक्ष्यित समूहका हितमा प्रयोग गर्ने, जनचेतनामा बल पुग्ने, कक्षाकेन्द्रमा तह ३ पुरा गरेपछि सोझै कक्षा ४ वा ६ मा भर्ना हुन पाउने, विद्यालयको विकल्पमा कक्षाकेन्द्र सहजै स्थापना हुने र सेवा प्राप्त हुने आदि उपलब्धिका रुपमा प्राप्त भएका छन् ।

## ४.३ बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमबाट आधारभूत शिक्षामा संक्रमण गर्दाका समस्याहरुको पहिचान

अध्ययनका क्रममा लिइएका सूचना र तथ्यहरुका आधारमा बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमबाट आधारभूत शिक्षामा संक्रमण गर्दाका  समस्याहरु निम्न बमोजिम भएको पाइएको छ ।

प्रतिकेन्द्र तोकिएको संख्या भन्दा सहभागीहरु न्यून भर्ना हुनु, दलित स.का.को संख्या सहभागीका आधारमा कम हुनु, कक्षाकेन्द्रको भौतिक अवस्था कमजोर हुनु, जि.शि.का.बाट प्राप्त सेवा, सुविधा पर्याप्त नहुनु, केन्द्र व्यवस्थापन समिति सक्रिय गराउने नीति, प्रक्रियाको अभाव हुनु, अ.प्रा.शि.का.बाट सामान्यत कक्षा ६ मा भर्ना हुनु पर्नेमा कक्षा ५ मा भर्ना हुनुले पढाइको स्तर त्यति सन्तोषजनक नहुनु, बालकको तुलनामा बालिकाको भर्ना कम हुनु, विद्यालय उमेर भन्दा कम तथा बढी उमेरका बालालिकाहरुको भर्ना हुनु, अन्यको तुलनामा दलितहरुको भर्ना कम हुनु साथै कक्षा छाड्ने प्रवृति बढी हुनुआदि रहेका छन् । बर्षभरिमा कक्षाकेन्द्र खुल्ने दिन र पढाउने दिन कम हुनु, सहभागीहरुको उपस्थिति र तह उत्तीर्ण दर न्यून हुनु, भाषा विषयको विषयगत औषत उपलब्धि दर न्यून हुनु, पिछडिएका समुदायका बालवालिकाहरुको शैक्षिक स्तर कमजोर भई सामाजिक संरचनाको विविधताको प्रभाव यसमा देखा पर्नु उपलब्ध तथ्याङ्कका आधारमा प्राप्त गरिएको हो ।

सहभागीहरु तह पूरा गरेपछि विद्यालयमा भर्ना हुने कुरा सुनिश्चित नहुनु, कक्षामा सिकाइ सामग्री तथा खेल सामग्री नहुनु साथै अतिरिक्त त्रियाकलाप सञ्चालन नगरिनु, बालमैत्री सिकाइ वातावरण नहुनु, छात्रबृत्ति, पोशाक तथा खाजाको व्यवस्था नहुनु, खानेपानी, शौचालय तथा खेलमैदान जस्ता वाह्रय वातावरणको उचित व्यवस्था हुन नसक्नु, स.का.को पारिश्रमिक न्यून हुनु, समुदाय तथा अभिभावक जागरण कार्यक्रम नहुनु, जि.शि.का.को अनुगमन प्रभावकारी नहुनु, कक्षाकेन्द्र व्यवस्थापन समिति, मातृ विद्यालय साथै अभिभावकहरु क्रियाशील गराउने संयन्त्र प्रभावकारी नहुनु, बैकल्पिक विद्यालय शिक्षा कार्यक्रम सञ्चालन आवश्यकताको पहिचान नै राम्ररी नगरिनु, लक्ष्यित समूहले अवसरलाई बुझ्न नसक्नु, सहयोगी कार्यकर्ता छनौट उपयुक्त तरिकाले नहुनु र उसको लगाव र दक्षता कम हुनु, कक्षाकेन्द्रको व्यवस्थापन, शिक्षण तथा समुदायको सहयोग फितलो हुनु, राज्यले उपलब्ध गराएको सेवा र सुविधा अपर्याप्त हुनु तथा पाएको सेवा र सुविधाको पनि सही उपयोग हुन नसक्नु ।

स.काद्वारा सहभागीलाई सिकाइ हस्तान्तरणमा कठीनाइ तथा पृष्ठपोषण दिने व्यक्ति नहुनु । पढाउँदा परेको कठीनाइ अथवा समस्याहरू क्रियाकलाप निर्माणमा, कक्षा क्रियाकलाप सञ्चालनमा, विधिहरुको छनौटमा तथा मूल्याङ्कन गर्नमा कठिनाइ हुनु, कोटा वितरण स.का. हुन इच्छुक व्यक्तिले पहल गरेका भरमा, राजनीतिक दवाव र सन्तुलनका आधारमा, भनसुनका आधारमा हुनु, उमेर छिपिएकालाई पढाउन गाह्रो, निश्चित अवधिभित्र शिक्षा लिनुपर्ने, अनौपचारिक पद्धतिलाई सामाजिक मान्यता कम हुने, लक्ष्यित बर्गलाई आकर्षित गर्न नसक्नु, पारदर्शिताको अभाव, कक्षाकेन्द्रको स्वमूल्याङ्कन तथा अनुगमन सूचकका आधारमा स्तरीकरण गरी कमजोर कक्षाकेन्द्रको सुधारका लागि नविनतम विशेष शैक्षिक कार्यक्रमको अभाव, केन्द्रको गुणस्तर सुधारका लागि आवश्यक कार्ययोजना निर्माण गर्ने तथा त्यसको कार्यान्वयनमा सबै पक्षहरुसँग सहभागिता तथा साझेदारिताका लागि समन्वयको अभाव । कार्यक्रममा स्थानीय निकाय, समुदाय, संघसंस्थाको संलग्नता र सहभागिता सुनिश्चिता नहुनु । मातृ विद्यालयले कार्यक्रमको मर्म तोडी (स.का.लाई विद्यालयमा खटाउने) आफ्नो स्वार्थमा उपयोग गर्नु, सरोकारवालाहरुको भूमिका कम हुनु, कक्षाकेन्द्रलाई समुदायले बेवास्ता गर्ने जस्ता समस्याहरु सरोकारवालाहरुले औल्याएका छन् ।

## ४.४ बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरुको खोजी

अध्ययनका क्रममा लिइएका प्राथमिक तथा द्वितीय तथ्याङ्कहरुका आधारमा प्राप्त सूचनालाई आधार लिई बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरुको यहाँ निरुपण गरिएको छ ।

कक्षाकेन्द्र सञ्चालन गर्दा स्थलगत सर्वेक्षण तथा सरोकारवालाहरुको मागका आधारमा कक्षाकेन्द्रका लागि तोकिएको संख्या पुग्नेगरी कोटा वितरण गर्नुपर्ने । व्यक्तिगत प्रभाव र राजनीतिक दवावका आधारमा कोटा वितरण गर्ने कार्यलाई निरुत्साहित गर्नुपर्ने । अभिभावक तथा समुदाय जागरण कार्यक्रम कक्षाकेन्द्र चल्ने स्थानमा अनिवार्य रुपमा सञ्चालन गरिनु पर्ने, राज्यबाट प्रदान गरिने सेवा सुविधा र सामग्रीमा बृद्धि गरी समय सापेक्ष बनाउनु पर्ने । उक्त सेवा सुविधाहरुको वारेमा सम्बन्धित सबै सरोकारवालाहरुलाई जानकारी गराई पारदर्शिता कायम गर्नुपर्ने । कोटा वितरण गर्दा न्यूनतम आवश्यक भौतिक तथा अन्य पूर्वाधारहरु पूरा गरेको समुदायलाई प्राथमिकता दिनुपर्ने । कम उमेरका बालवालिकाहरुलाई कक्षाकेन्द्रमा भर्ना गर्न निरुत्साहित गर्नुपर्ने । भर्ना भइसकेका बालवालिकाहरुको कक्षा छाड्ने प्रवृत्तिको कारण पत्तालगाई समाधानका लागि केन्द्रमा बालमैत्रीपूर्ण सिकाइ वातावरण सिर्जना गर्नुपर्ने ।

तोकिएको दिन भन्दा कम दिन कक्षाकेन्द्र खुल्ने प्रवृत्तिलाई हटाउन कक्षा व्यवस्थापन समिति, मातृविद्यालय, स्रोतकेन्द्र लगायत सम्बन्धित पक्षबाट नियमित निरीक्षण अनुगमन गरी पृष्ठपोषण प्रदान गर्नुका साथै शिक्षण समयमा आवश्यक सुधार गर्नुपर्ने । सहभागीहरुको नियमितता दरमा बृद्धि गर्न सम्बन्धित सरोकारवाला क्रियाशील हुनुपर्ने । सहभागीहरुको तह उत्तीर्ण दर र विषयगत औषत उपलब्धि दरमा बृद्धि गर्न सहयोगी कार्यकर्तालाई शिक्षण सिकाइ प्रक्रियामा मातृविद्यालय तथा जिल्ला शिक्षा कार्यालयले

आवश्यक सहयोग गर्नुका साथै स.का. लाई पुनर्ताजगी तालिम, परीक्षाफल विश्लेषण र सरोकारवालाहरुसँग समीक्षा जस्ता कार्यक्रमहरु आवधिक रुपमा सञ्चालन गर्नुपर्ने । सामाजिक रुपमा पिछडिएको समुदायका बालवालिकाहरुको नियमितता, टिकाउपन, तह उत्तीर्ण दर, सिकाइ उपलब्धि दर न्यून देखाएकोले कक्षाकेन्द्रको स्वमूल्याङ्कन तथा अनुगमन सूचकका आधारमा स्तरीकरण गरी कमजोर कक्षाकेन्द्रको सुधारका लागि नविनतम विशेष शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

कक्षाकेन्द्रमा सहयोगी कार्यकर्ताको मायालु व्यवहार, सहभागीहरुलाई थप सहयोग र क्रियाकलापमा आधारित सिकाइ वातावरणको सिर्जना गरी उनीहरुको पहुँच, निरन्तरता र उपलब्धि स्तर सुधार गर्नुपर्ने । सहयोगी कार्यकर्ताको दक्षता र लगाव अभिबृद्धि गर्नुका साथै हालको पारिश्रमिक ज्यादै न्यून रहेको हुँदा समयसापेक्ष वृद्धि गरिनुपर्ने । सम्बन्धित अभिभावकहरुले आफ्ना बालवालिकाहरुको नियमितता, पढाइप्रतिको चासो राखी कक्षाकेन्द्रका हरेक कार्यमा सम्लग्न र सहयोग गर्नुपर्ने । कक्षाकेन्द्र व्यवस्थापन समितिले नियमित बैठक बसी केन्द्रको गुणस्तर सुधारका लागि आवश्यक कार्ययोजना निर्माण गर्ने तथा त्यसको कार्यान्वयनमा सबै पक्षहरुसँग सहभागिता तथा साझेदारिताका लागि समन्वय गर्नुपर्ने । मातृ विद्यालयले आफ्नो भूमिकालाई प्रभावकारी बनाउन कक्षाकेन्द्रका लागि आवश्यक भौतिक तथा शैक्षिक सहयोग गर्नुका साथै योजनाबद्ध रुपमा अनुगमन, निरीक्षण गरी सशक्त सरोकारवालाको भूमिका निर्वाह गर्नुपर्ने । कक्षाकेन्द्रको लागि प्राप्त सेवा सुविधामा अझ थप विस्तार गर्दै केन्द्रका बालवालिकाहरुले सिकाइमा उपयोग गर्न सक्ने गरी उपलब्ध गराउनका साथै सम्बन्धित स.का. हरुलाई निर्देशिकाले तोके अनुरुप सिकाउने वातावरण सिर्जना गर्नुपर्ने ।

कक्षाकेन्द्रमा सिकाइका लागि आवश्यक पर्ने विषयगत सिकाइ सामग्री तथा खेल सामग्रीहरुको व्यवस्थापन गरी बालवालिकाहरुले गरेर सिक्ने वातावरण सिर्जना गर्नुका साथै साप्ताहिक रुपमा सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालनमार्फत उनीहरुको अन्तरनिहित प्रतिभाको प्रस्फुटन हुने अवसर सिर्जना गर्नुपर्ने । कार्यक्रममा स्थानीय निकाय, समुदाय, संघसंस्थाको संलग्नता र सहभागिता सुनिश्चित गरिनु पर्ने । जिल्ला शिक्षा कार्यालयको प्राविधिक सहयोग, निरीक्षण, अनुगमन, कार्यक्रमको अभिमुखीकरण तथा समुदाय सचेतीकरण कार्यक्रमको भूमिका सशक्त हुनुपर्ने ।

# परिच्छेद पाँचः प्राप्ति, निष्कर्ष र सुझाव

यस परिच्छेदमा अघिल्ला परिच्छेदहरुको धरातलमा रही शोधको प्राप्तिलाई राख्ने र समष्टिमा कस्तो रहचो शोधपत्र त्यसको निष्कर्ष निकाल्ने तथा अध्ययनले औंल्याएका बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमका समस्याहरुलाई समाधान गर्न सकिने उपायका रुपमा सुझावहरु प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

अघिल्लो परिच्छेदमा प्रस्तुत भएका विश्लेषण र व्याख्याबाट प्राप्त भएका तथ्यहरुका आधारमा प्राप्तिलाई यहाँ राखिएको छ । धनकुटा जिल्लामा सञ्चालित बैकल्पिक विद्यालय शिक्षा कार्यक्रम अन्तरगत अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रमका सहभागीहरुको भर्ना स्थिति निर्धारित संख्या भन्दा कम भए तापनि दुई केन्द्रका ३० जना नै औपचारिक विद्यालय शिक्षामा भर्ना भएका छन् । प्रा.शि.वि.का.११ ओटै केन्द्रमा १४० जना भर्ना हुनु पर्नेमा ११६ जना मात्र भर्ना भएका छन् । कक्षाकेन्द्रहरु सुविधाविहीनहरुका लागि खोलिएको देखियो । महिलाहरुलाई अवसर दिने नीति अनुरुप महिला सहयोगी कार्यकर्ता भएका र न्यूनतम शैक्षिक योग्यता र आवश्यक तालिम प्राप्त भएका स.का.हरुद्वारा कक्षा सञ्चालन भएको पाइयो । कक्षाकेन्द्रमा अध्ययन गर्ने सहभागीका अभिभावकहरु न्यून आय भएका कृषि र मजदूर पेशामा संलग्न भएका देखियो । कक्षाकेन्द्र व्यस्थापन समितिमा लक्ष्यित वर्गको सहभागिता र संलग्नता भए तापनि समन्वय र क्रियाशीलतामा तथ्यले प्रश्न उठाएको छ । आफ्नो बुताले भ्याएसम्म उनीहरुले कक्षाकेन्द्रलाई सहयोग पुऱ्याएको पाइन्छ । कक्षाकेन्द्रको भौतिक अवस्था न्यूनतम पूर्वाधार भएको देखाइए तापनि गुणात्मक नभएको तथा अधिकतम उपयोगमा ध्यान नदिइएको अध्ययनले देखाउँछ । जिल्ला शिक्षा कार्यालयबाट प्रदान गरिने आवश्यक सेवा, सुविधा र सामग्री उपलव्ध भएको र सो पर्याप्त नभएको पाइयो । कक्षाकेन्द्र व्यवस्थापन समितिबाट प्राप्त सहयोग सन्तोषजनक देखिए तापनि दीगो र गुणात्मक नभएको अध्ययनले देखाउँछ ।

केन्द्रमा बालिकाको सहभागीता अधिक हुनुबाट ग्रामीण भेगमा बालिका प्रतिको शैक्षिक सोचको परिवर्तनको प्रतिनिधित्व गरेको छ । विद्यालय उमेर भन्दा कम बढी उमेरका बालालिकाहरुको भर्ना देखिन्छ । जम्मा १९६ जना सहभागीहरु भर्ना भएका मध्ये दलितहरुको संख्या न्यून छ ।

सहभागीहरु अनुकूल पढाइको समय भएको तथा घरमा काम पर्दा तथा विरामी हुँदा कक्षा छाड्नु परेको । मातृ विद्यालयले कक्षाकेन्द्र स्थापनाका लागि सिफारिस, कक्षाकेन्द्र व्यवस्थापन समिति गठन र सहभागिता, सहयोगी कार्यकर्ताको पारिश्रमिक माग र भुक्तानी, सहयोगी कार्यकर्ताले चासो राखेका शिक्षण सिकाइका प्रक्रियामा प्रविधिक सहयोग, बेलाबेलामा निरीक्षण अनुगमन, परीक्षा व्यवस्थापन तथा सञ्चालनमा सहयोग एवम् अभिलेख व्यवस्थापनमा सहयोग जस्ता कार्यहरुमा सहयोग गरेको । कक्षाकेन्द्रको तह पूरा भएपछि विद्यालय भर्नाको लागि पहल गरेको, भौतिक सुविधा विस्तारका लागि सहयोग र समन्वय गरेको, तथा कक्षाकेन्द्रबाट विद्यालयमा आएका विद्यार्थीहरुको छुट्टै अभिलेख राखी तुलनात्मक अध्ययन गरी सुधारका लागि प्रयास गरेको देखिन्छ ।

सहयोगी कार्यकर्ताले पढाउँदा परेको कठीनाइ अथवा समस्याहरू क्रियाकलाप निर्माणमा, कक्षा क्रियाकलाप सञ्चालनमा, विधिहरुको छनौटमा तथा मूल्याङ्कन गर्न मातृ विद्यालयका शिक्षकहरुको तथा कहिलेकाही स्रोतव्यक्ति/वि.नि. को सहयोग लिने गरेको मूल्याङ्कन अथवा परीक्षाका लागि मातृ विद्यालयको परीक्षाको अनुसरण गर्नेगरेको । कार्यक्रम अवधिभरमा जि.शि.का. बाट २/३ पटक निरीक्षण भएको । स्रोतव्यक्तिहरुले कार्यक्रम सञ्चालनका लागि स्रोतव्यक्ति, केन्द्र व्यवस्थापन समिति र गा.वि.स. सचिवले सिफारिस गर्नेगरको र कोटा वितरण स.का. हुन इच्छुक व्यक्तिले पहल गरेका भरमा, राजनीतिक दवाव र सन्तुलनका आधारमा, भनसुनका आधारमा तथा स्रोतव्यक्तिको सिफारिसमा लक्ष्यित बर्गको माग अनुसार हुनेगरेको, यस कार्यक्रमले लक्ष्यित बर्गका बालबालिकाहरूलाई मूलधारमा ल्याउन सहयोग पुऱ्याएको, विद्यालय र शिक्षा प्रति अभिभावक र विद्यार्थीको सकारात्मक सोचको विकास भएको, गुमेको पढ्ने अवसर विद्यार्थीहरूलाई पुनः प्राप्त भएको तथा आर्थिक रुपमा शिक्षाको लागत व्यहोर्न थोरबहुत सहयोग पुगेको ।

सहभागी छनौटका अधारहरुमा सबै सहभागीहरुको गरीवी, दलित, जनजाति तथा थोरै संख्याले विद्यालय जान नपाएका आदिलाई लिइएको, कोटा निर्धारणका आधारहरू स्थानीय तहमा जिल्लाको निर्देशनमा दलित र जनजातिलाई लक्ष्य गरी निर्धारण गर्ने तथा जिल्ला तहमा योजना र सर्वेक्षणका आधारमा सरोकारवालहरुको माग बमोजिम जिल्ला अनौपचारिक शिक्षा समितिको निर्णयलाई आधार लिइएको । कक्षाकेन्द्रमा अध्ययन गर्ने सहभागीहरुको विद्यालय शिक्षामा प्रवेश नहुनुका कारणहरु गरीवी, विद्यालय टाढा हुनु, अभिभावकको चेतनाको कमी, विद्यालय आउन नसक्ने उमेर तथा केन्द्र नजीक भई सजिलो हुनु जस्ता पक्षहरुले कार्यक्रमको बर्तमान स्थितिलाई झल्काउँछ ।

कक्षाकेन्द्र छाड्ने सहभागीहरुको संख्या ३४ रहेको छ । बर्षभरिमा कक्षाकेन्द्र खुल्ने दिन २२० दिन र पढाउने समय १९० दिनको व्यवस्था अनुसार कक्षाकेन्द्र खुल्ने दिन न्यून देखिन्छ । त्यसमा पनि विद्यार्थीहरुको औषत उपस्थिति अझ कम छ । शैक्षिक उपलब्धि दर केन्द्रहरुको ०६५ र ०६६ सालको शैक्षिक उपलब्धि दरको तुलना गर्दा कूल औषतमा ५१.७ बाट बढेर ५४ प्रतिशत पुगेको छ । समष्टिमा मध्यम स्तरको उपलब्धि दर हासिल भएको छ । यसर्थ केन्द्रहरुमा पढाइको स्तर न्यून भएको । विषयगत औषत उपलब्धि दरको आधारमा हेर्दा भाषा विषयहरुमा अंग्रेजीको तुलनामा नेपाली विषयको उपलब्धि केही सुधारात्मक छ । गणितको भने औषतमा ५३.८ प्रतिशत छ । अपेक्षाकृत गणितमा उपलब्धि दर राम्रो पाइएको छ । समष्टिमा विषयगत उपलब्धि दर सन्तोषजनक छ ।

दुई केन्द्रहरुको तुलनात्मक अध्ययन गर्दा दुबै केन्द्रहरु अपेक्षकृत बढी दिन खुलेको पाइन्छ सहभागीको उपस्थितिमा फूलबारी केन्द्रको भन्दा छिन्ताङ्ग केन्द्रको बढी रहेको । फूलबारी प्राथमिक शिक्षा विस्तार कार्यक्रमका सहभागीहरुमा जातिगत हिसावले दलित र जनजातिको संख्या उल्लेख्य छ भने छिन्ताङ्गमा अन्य जातिको संख्या बढी रहेका । कक्षा छाड्ने दरको सम्वन्धमा एउटा केन्द्रमा २० सहभागी हुनु पर्नेमा दुबै केन्द्रमा १५/१५ जना बालवालिका भर्ना भएको पाइन्छ भने फूलबारी केन्द्रबाट ३ र छिन्ताङ्ग केन्द्रबाट १ जनाले केन्द्र छाडेको । भर्ना भएको संख्याका आधारमा हेर्दा कक्षा छाड्नेको संख्या त्यति उल्लेख्य नरहेको । दलित र सीमान्तकृत बर्गका सहभागीकै बाहुल्यता भने रहेको । सहभागीहरुको उत्तीर्ण दर / शैक्षिक उपलब्धि दर दुबै केन्द्रहरुको ०६५ र ०६६ सालको शैक्षिक उपलब्धि दर कूल

औषतमा बृद्धि भएको । दुबै केन्द्रको विषयगत उपलव्धिको तुलना गर्दा फूलबारी केन्द्रको भन्दा छिन्ताङ्ग केन्द्रको उपलव्धि उच्च रहेको। छिन्ताङ्ग केन्द्रका सहभागीहरुले प्राप्त गरेको अंकमा चर ठूलो भएको र बढी विश्वसनीय रहेको । फूलबारी केन्द्रको भने ५० प्रतिशत भन्दा तल र चर सानो भएको। सबै सहभागीहरुले औषतमा अंक पाएका । यसले औपचारिकताको मात्र पुष्टि गरेको । साथै विषयगत शैक्षिक उपलव्धि पनि न्यून भएको।

कक्षाकेन्द्रका सहभागीहरुलाई स.का.ले रमाइलो तरिकाले सिकाउने हुनाले शिक्षिकाको व्यवहार राम्रो भएको। सहभागीहरुले राम्रो, ठिकै अंक ल्याएर तह उत्तीर्ण गर्ने गरेका, केही सहभागीले सँधै गृहकार्य गर्ने गरेको सहभागीको व्यवहारमा पढ्न र लेख्न ध्यान दिन थालेका, बानी व्यहोरा सुध्रिएको, बोलीचालीमा सुधार आएको र सरसाफाइमा ध्यान दिन थालेका जस्ता परिवर्तन आएको। विद्यालय र शिक्षा प्रति अभिभावक र विद्यार्थीको सकारात्मक सोचको विकास भएको, असल विद्यार्थी उत्पादनमा सहयोग, साक्षरतामा बृद्धि, विद्यालयको विकल्पमा कक्षाकेन्द्र सहजै स्थापना हुने र सेवा प्राप्त हुने आदि प्राप्ति भएका छन्।

## ५.२ निष्कर्ष

शिक्षा प्राप्त गर्नु मानवमात्रको नैसर्गिक अधिकार हो। तथापि नेपालको परिप्रेक्षमा आर्थिक, सामाजिक, भौगोलिक तथा चेतनाको स्तरका कारणले सबै बालवालिकाहरुले सहजरुपमा शिक्षा प्राप्त गर्न सकेका छैनन्। यसर्थ राज्यको लोककल्याणकारी नीति, अन्तर्राष्ट्रिय प्रतिबद्धता एवम् सबैका लागि शिक्षाको अवधारणा अनुरुप सुविधाविहीन वर्गका बालवालिका जो विविध कारणले औपचारिक शिक्षाबाट बञ्चित भएका छन् तिनीहरुका लागि उनीहरुकै अनुकूलतामा शिक्षाको अवसर प्रदान गर्न बैकल्पिक विद्यालय शिक्षा कार्यक्रम सञ्चालन हुदै आएको र यसको आधारभूत शिक्षामा कस्तो प्रभाव परेको रहेछ भन्ने परीक्षण गर्न धनकुटा जिल्लामा सञ्चालित कार्यक्रहरुलाई कार्यथलो बनाई ती कार्यक्रमको स्थिति, उपलव्धिको विश्लेषण र समस्या समाधानका लागि उपयुक्त सुझावहरु प्रस्तुत गर्ने उद्देश्यले यो शोधपत्र तयार गरिएको हो।

सम्बन्धित साहित्यको पुनरावलोकनमा सबैका लागि शिक्षा र विद्यालय क्षेत्र सुधार योजना जस्ता शिक्षाका मूल दस्तावेजहरुमा बैकल्पिक विद्यालय शिक्षा कार्यक्रमसँग सम्बन्धित व्यवस्था र अनौपचारिक शिक्षाको पक्ष भएकाले शिक्षा विभागद्वारा गरिएको अनौपचारिक शिक्षाका कार्यक्रमहरुको प्रभावकारितासम्बन्धी अनुसन्धानलाई यस अध्ययनको आधार बनाएर काम गरिएको छ। अब्राहम मास्लोको अभिप्रेरणाको सिद्धान्त जसले आधारभूत आवश्यकता पूरा गर्न मुस्किल पर्ने बर्गका बालबालिकाहरुका लागि राज्यबाट प्राप्त सुविधा र अवसरको अभिप्रेरणाले काम गर्ने साथै शिक्षा मनोविज्ञाता वि.एफ.स्कीनरको कार्यवाहक सम्बद्ध सिकाइ सिद्धान्त जसले सिकारुलाई सिक्न उत्प्रेरित गर्न र सिकाइ व्यवहारमा अभ्यस्तता प्रदान गर्न तथा व्यवहारमा सुधार गर्न क्रमशः पुनर्बल प्रदान गर्दैजाने सिद्धान्त भएकोले आधारभूत आवश्यकता पूरा गर्न मुस्किल पर्ने बर्गका बालबालिकाहरूका लागि राज्यबाट प्राप्त सुविधा र अवसरले पुनर्बलको काम गरी ती बर्गका बालबालिकाहरूको शिक्षामा पहुँचको स्थितिलाई प्रभावोत्पादक पार्नेछ भन्ने विश्वासका साथ अध्ययनको विषयलाई यी दुई स्थापित सिद्धान्तसँग जोडिएको छ।

अध्ययनको क्षेत्र सानो भएको लागेर जिल्लामा सञ्चालित सबै ११ ओटै प्राथमिक शिक्षा विस्तार कार्यक्रमलाई जनसंख्याको आधार तय गरी सरोकारवाला पक्ष सहभागी, सहयोगी कार्यकर्ता, अभिभावक, कक्षाकेन्द्र व्यवस्थापन समिति, मातृ विद्यालयका प्र.अ., सोतव्यक्ति तथा जि.शि.का.का वि.नि.,उपसचिव, कर्मचारीहरुसँग अन्तरवार्ता लिने र प्रश्नावली भराउने साथै स्थलगत भ्रमण गरी अवलोकन, छलफल गर्ने प्राथमिक तथ्याङ्क लिने काम गरिएको तथा कक्षाकेन्द्र सर्वेक्षण फाराम भरी लिने र जिल्ला शिक्षा कार्यालयको अभिलेखबाट आवश्यक सूचना लिने जस्ता द्वितीय तथ्याङ्क प्रयोग गरी अध्ययन गर्ने काम भएको छ।

अध्ययनले लक्षियत समूहका बालवालिकाहरुलाई समेट्न सकेको देखाए तापनि स्थलगत सर्वेक्षण नगरी समुदायको मागलाई बेवास्ता गर्दै कोटा वितरण गरिएकोले निर्धारित संख्यामा सहभागी भर्ना हुन नआएका, आएका मध्ये पनि कम उमेरका भएका साथै ती मध्ये १७.३ प्रतिशतले कक्षा छाडेको पाइन्छ। कक्षाकेन्द्र खुल्ने निर्धारित दिन भन्दा कम भई पढाइ पूरा गर्न नसकेको सहभागीको उपस्थिति दर न्यून भएको, बालमैत्री सिकाइ वातावरण नभएको, अतिरिक्त क्रियाकलाप कार्यक्रम हुने नगरेको, सहभागीको तह उत्तीर्ण दर मात्र ५१ प्रतिशत

हुनु तथा सिकाइ उपलब्धि दर पनि सन्तोषजनक नभएकाले कक्षाकेन्द्रको गुणात्मक पक्ष कमजोर भएको पुष्टि गर्दछ ।

अध्ययनले सामाजिक रुपमा पिछडिएको समुदायका बालवालिकाहरुको पढाइको स्तर कमसल भएको देखाएको छ तर त्यस्ता कक्षाकेन्द्रहरुको सुधारका लागि कतैबाट पहल भएको पाइएन । कार्यक्रममा संलग्न पक्षहरुले आफ्नो भूमिका राम्ररी निर्बाह गरेको भनिए तापनि उमेर छिपिएकालाई पढाउन गाह्रो, निश्चित अवधिभित्र शिक्षा लिनुपर्ने, अनौपचारिक पद्धतिलाई सामाजिक मान्यता कम हुने, भौतिक तथा आर्थिक सुविधाको अभाव, सिकाइ सामग्रीको व्यवस्था नहुनु, लक्ष्यित बर्गलाई आकर्षित गर्न नसक्नु, सहयोगी कार्यकर्ताको पारिश्रमिक कमी हुनु, सञ्चालन प्रभावकारी नहुनु, विद्यार्थीको अनियमित हुनु, मातृ विद्यालयले कार्यक्रमको मर्म तोडी आफ्नो स्वार्थमा उपयोग गर्नु, सरोकारवालाहरुको भूमिका कम हुनु, प्रभावकारी निरीक्षण अनुगमन हुन नसक्नु, समुदाय र अभिभावकहरुमा सचेतीकरणको कार्यक्रम लैजान नसक्नु, राजनीतिक दवाव, कक्षाकेन्द्र व्यवस्थापन खर्च अपर्याप्त हुनु, सहयोगी कार्यकर्ता र कक्षाकेन्द्र व्यवस्थापन समितिको निष्कृयता, कक्षाकेन्द्रलाई समुदायले बेवास्ता गर्ने जस्ता कमजोरीहरु सरोकारवालाहरुले औल्याएका छन् ।

जेजस्तो भए तापनि राज्यले लक्ष्यित वर्गका लागि ल्याएको यो कार्यक्रमले सोही वर्गलाई साथ दिएको छ । उनीहरुको पढाइमा पुनः अवसर मिलेको छ । साक्षरता दरमा बृद्धि, सबैका लागि शिक्षाको परिपूर्ति, नागरिक चेतना तथा औपचारिक शिक्षाको ढोका खुल्ला गर्ने कार्यका लागि यो कार्यक्रम सफल भएको अध्ययनले देखाएकोले आधारभूत शिक्षामा बैकल्पिक विद्यालय शिक्षाको प्रभावको स्थिति सकारात्मक रहेको पुष्टि हुन्छ ।

शिक्षा मन्त्रालय, शिक्षा विभागले फलाना जिल्लालाई यस बर्ष यति कोटा भनी केन्द्रीय तहबाट तोकी पठाउने अनि जिल्ला शिक्षा कार्यालयले ल यस्तो कार्यक्रम आएको छ भनी सीमित व्यक्तिहरुलाई अभिमुखीकरण गरी स्रोतव्यक्तिले संकलन गरेको सूचना र मागका आधारमा कोटा वितरण गर्ने परिपाटीको अन्त्य गरी स्थानीय निकायको पहलमा राजनीतिक पूर्वाग्रह रहित भएर आवश्यकताको क्षेत्र पहिचान र नियोजित योजना मुताविक सम्बन्धित

समुदायकै माग सिर्जना गरेर भौतिक सुविधाको सुनिश्चितता गरी प्राविधिक सहयोग सम्बन्धित मातृ विद्यालय र जिल्ला शिक्षा कार्यालयले गर्ने हो भने यो कार्यक्रमको प्रभावकारिता पूर्णरुपमा हुने निश्चित छ ।

## ५.३ सुझाव

यस शोधपत्रमा प्राप्त तथ्याङ्कहरुको ब्याख्या, विश्लेषण र अध्ययन गर्ने क्रममा सम्बन्धित कक्षाकेन्द्रका सहभागी, सहयोगी कार्यकर्ता, अभिभावक, कक्षाकेन्द्र व्यवस्थापन समिति, मातृ विद्यालयका प्र.अ.तथा शिक्षकहरु, स्रोतव्यक्ति, विद्यालय निरीक्षक लगायतका व्यक्तिहरुले दिएका सुझावहरुलाईसमेत मध्यनजर राखी समस्या समाधानका लागि निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

कक्षाकेन्द्र सञ्चालन गर्दा स्थलगत सर्वेक्षण तथा सरोकारवालाहरुको मागका आधारमा कक्षाकेन्द्रका लागि तोकिएको संख्या पुग्नेगरी कोटा वितरण गर्ने । व्यक्तिगत प्रभाव र राजनीतिक दवावका आधारमा कोटा वितरण गर्ने कार्यलाई निरुत्साहित गर्ने । अभिभावक तथा समुदाय जागरण कार्यक्रम कक्षाकेन्द्र चल्ने स्थानमा अनिवार्य रुपमा सञ्चालन गरिनु पर्ने, राज्यबाट प्रदान गरिने सेवा सुविधा र सामग्रीमा बृद्धि गरी समय सापेक्ष बनाउनु पर्ने । उक्त सेवा सुविधाहरुको वारेमा सम्बन्धित सबै सरोकारवालाहरुलाई जानकारी गराई पारदर्शिता कायम गर्नुपर्ने । कोटा वितरण गर्दा न्यूनतम आवश्यक भौतिक तथा अन्य पूर्वाधारहरु पूरा गरेको समुदायलाई प्राथमिकता दिनुपर्ने । कम उमेरका बालवालिकाहरुलाई कक्षाकेन्द्रमा भर्ना गर्न निरुत्साहित गर्ने । भर्ना भइसकेका बालवालिकाहरुको कक्षा छाड्ने प्रवृत्ति पाइएकोले सो को कारण पत्तालगाई समाधानका लागि केन्द्रमा बालमैत्रीपूर्ण सिकाइ वातावरण सिर्जना गर्ने ।

